**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाइटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जङ्गलमा सलाई तथा लाइटरको प्रयोग नगरौं र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं ।
- हाम्रो सानो असावधानीले जङ्गल मात्र होइन आसपासका बस्तीसमेत उजाड हुन सक्छन् ।
- जन, धन र वनको संरक्षण गरौं ।

**सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ चैत २९ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 April 12 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २२२

# चार दशकदेखि लागूऔषधको सञ्जाल यथावत्

आरके पटेल, वीरगंज, २८ चैत/

जिल्ला प्रहरी कार्यालय, पर्साको अपराध शाखाले लागूऔषध गाँजा र चरेससहित पक्राउ परेका व्यक्तिहरूसँग सोधपूछ गरी नाइके, मुख्य नाइके र संरक्षकहरूको नाम पत्ता लगाएर कारबाहीको लागि मुद्दा शाखाको जिम्मा लगाएको छ । विभिन्न समयमा पर्सा जिल्लाका विभिन्न स्थानबाट गाँजा, चरेससहित समातिएका व्यक्तिहरूसँग अपराध शाखाले बयान लिएको र उनीहरूले पोलेका नामहरू कारबाहीको लागि मुद्दा शाखामा बुझाएको स्रोतले जनाएको छ । मुद्दा शाखा स्रोतले भने कारबाहीका लागि उच्च प्रहरी अधिकृतको राय आवश्यक हुने बताएको छ। यी घटनामा अहिलेसम्म उच्च प्रहरी अधिकारीको राय भने आइनसकेकाले पोलिएकाहरूविरुद्ध मुद्दा दर्ता हुन नसकेको बताइएको छ । अपराध शाखाले मुद्दा शाखामा बुझाएका नामहरू यस क्रममा पोलिएका व्यक्तिहरू र शङ्कास्पद व्यक्तिहरूसम्म पुगेकाले अहिले मुद्दा शाखामा भीड बढेको छ । दलाल, बिचौलियाहरूसँगै शङ्कास्पद आरोपितहरू पनि मुद्दा शाखाका अधिकारीलाई प्रभावमा पारेर यसबारे जानकारी लिने र मुद्दाबाट उन्मुक्ति दिलाउने प्रयासमा लागिपरेका छन्। अहिले जिप्रकाको मुद्दा शाखामा जाने हो भने दिनहुँजसो बिचौलिया, दलालहरू र शङ्कास्पद आरोपितहरूको भीड देख्न सकिन्छ । उनीहरूबाट ठूलै परिमाणमा रकम सङ्कलन भइरहेको प्रहरी स्रोतले जनाएको छ।

पर्सा जिल्लामा लागूऔषध गाँजा, चरेसको कारोबार लामो समयदेखि हुँदै आएको छ। करीब डेढ दशकअघिसम्म



गाँजा र चरेससहित पक्राउ परेकाहरूलाई सार्वजनिक गर्दै प्रहरी। तस्वीर सौजन्यः जिप्रका, पर्सा

पर्सा जिल्लामा व्यापक मात्रामा गाँजाखेती हुने गरेको थियो। अहिले छिटपुटरूपमा हुने गरेको छ। तर गाँजा र चरेसको कारोबार भने उहिलेदेखि निरन्तररूपमा हुँदै आएको छ।

जिल्लाको जङ्गल क्षेत्रबाट मकवानपुरको लोथर र मनहरीबाट हुँदै आएको गाँजा र चरेसको कारोबार भने कहिले पनि रोकिएन। अहिले पनि जङ्गल भएर लागूऔषध गाँजा र चरेस भरियामार्फत जिल्लाको जङ्गल क्षेत्रसँग जोडिएका गाउँपालिकाहरूमा आउने, भण्डार हुने र भारत पुऱ्याउने कार्य जारी छ । मकवानपुर, धादिङमा उत्पादित गाँजा र चरेस पर्सा जिल्लामा मनहरी र लोथर हुँदै अहिलेसम्म निर्बाद्धरूपमा आउने गरेको छ। जिल्लामा गाँजाखेती रोकिएको तर बाहिरबाट आउने गाँजा, चरेस निर्बाधरूपमा आउने र गन्तव्यतर्फ जाने गरेको छ र यसमा सुरक्षासँग जोडिएका सेना, सशस्त्र र जनपद प्रहरीको संलग्नता रहने गरेको बेलाबखत उजागर भएका घटनाक्रमले पुष्टि हुँदै आएका छन्।

जङ्गल क्षेत्रका साथै सार्वजनिक यातायात, भाडाका सवारीसाधन र केही निजी सवारीसाधनहरूको प्रयोग गर्दै मकवानपुरका विभिन्न स्थानबाट गाँजा र चरेस आउने गर्छ। यो क्रम अहिलेसम्म जारी छ । पछिल्लो समयमा गाँजा र चरेसको मूल्य भारतमा आकाशिएको छ। भारत र नेपालमा अहिले जुन परिमाणमा बेलाबखत सुरक्षाकर्मीहरूले गाँजा र चरेस बरामद गर्दै आएका छन्, त्यसको कैंयन गुणा बढी नेपालबाट गाँजा र चरेस भारत जाने गरेको छ । यसैगरी, भारतबाट प्रतिबन्धित नाइट्रोजेपाम, नुर्फिन, नाइट्रोभेट, डाइजेपामजस्ता लागूऔषध नेपाल भित्रिँदै आएको छ।

रक्सौलमा यसको कारोबारमा लागेकाहरू महल ठडाएर निर्बाध कारोबार गर्दै आएका छन् । भर्खरैको कुरा हो रक्सौल डङ्कनजीकको नाला सफाइ गर्दा तीन ट्याक्टर नेपालमा प्रतिबन्धित औषधिका बोतल बरामद भएको थियो । डङ्कन वरिपरि रहेका औषधिपसलेहरूको कारोबार नै मुख्यरूपमा यही रहेको छ । नेपालबाट आउने युवाहरूलाई प्रतिबन्धित औषधि बिक्री गर्ने र कमाउने। दुवैतर्फका सुरक्षा अधिकारीहरूको बैठक बस्दै आएकामा यो विषय गम्भीरतापूर्वक उठान हुन्छ तर कार्यान्वयन भने दुवैतर्फका सुरक्षाकर्मीहरूबाट हुँदैन, जसले गर्दा दुवैतर्फका सुरक्षाकर्मीहरूको मोटो आमदानी यो कारोबारसँग जोडिएको भन्ने आरोप लाग्ने गरेको छ ।

जिल्ला प्रहरी कार्यालय, पर्साको तथ्याङ्क हेर्ने हो भने हालै तीन महीनामा लागूऔषध कारोबारमा संलग्न ५४ जना पक्राउ परेका छन्। चार दशकदेखि यो तथ्याङ्क हेर्दा जिल्लामा पक्राउ पर्नेहरूमध्ये ८० प्रतिशत थुनुवा लागूऔषधमा पक्राउ परेका देखिन्छन् । जिल्लामा गाँजाखेती बन्द भएको भनेर यहाँका सुरक्षाकर्मीहरू जहाँ छाती फुलाउँछन्, त्यही लागूऔषधको यो कारोबार चार दशकभन्दा बढी समयदेखि निर्बाधरूपमा सञ्चालनमा रहेकामा अलिकति पनि चिन्तित हुने गरेका छैनन्। यसैले पनि लागूऔषधको सञ्जालको अनुमान गर्न सकिन्छ । राजनीतिक पक्षपोषणमा यो कारोबार गर्नेहरूको ठूलो जमात छ, जसको बारेमा यहाँका सुरक्षाकर्मीहरू अनभिज्ञ छैनन् तर यसमा हात हाल्दा आफ्नै हात पोलिने डरले उनीहरूले सहकार्य गर्दै हिंडेको विभिन्न घटनाक्रमपछि विकास भएका गतिविधिले पुष्टि गर्दै आएको छ।

# संस्थागत विद्यालयको बक्यौता उठाउन महानगरलाई ज्ञापन

## दुई महीनादेखि तलब नपाएको शिक्षकहरूको गुनासो

प्रस, वीरगंज, २८ चैत/

परीक्षा शुल्क नतिरेका विद्यार्थीहरूलाई परीक्षा दिनबाट वञ्चित नगर्न वीरगंज महानगरको निर्देशन पालना गरेका संस्थागत विद्यालयहरूले महानगरपालिका कार्यालयलाई नै बक्यौता शुल्क उठाउन पहलकदमी शुरू गरेका छन्।





महानगरपालिकामा रहेका विभिन्न संस्थागत विद्यालयका शिक्षकशिक्षिकाहरूले मङ्गलवार नगरप्रमुख राजेशमान सिंहलाई ज्ञापन बुझाएर बक्यौता शुल्क असुलउपर गराउन आग्रह गरे ।

ज्ञानदा एकेडेमी, गौतम, जिएचपी, एन्जल इन्टरनेशनल माविका शिक्षकहरूले प्रमुख सिंहलाई ज्ञापनपत्र बुझाएर महानगरको निर्देशनमा परीक्षा शुल्क नतिरेका विद्यार्थीहरूलाई सहभागी गराएको तर अहिले विद्यालयले अभिभावकबाट शुल्क सङ्कलन नभएको भनेर दुई महीनादेखि तलब नदिएको गुनासो गरे। शिक्षकहरूले अभिभावकबाट परीक्षासहितको बक्यौता शुल्क उठाएर तलब खाने वातावरण सिर्जना गर्न नगरप्रमुख सिंहसँग आग्रह पनि गरे ।

उनीहरूले संस्थागत विद्यालयको एकमात्र स्रोत शुल्क भएको र सो पनि महानगरको कारण थुप्रै अभिभावकले शुल्क नबुझाएका हुँदा शिक्षक, कर्मचारीको तलब सुविधा रोकिएको दुःखेसो पोखे ।

नगरप्रमुख सिंहले शिक्षकहरूको पारिश्रमिक प्रभावित भएकामा आफ्नो गम्भीर ध्यानाकर्षण भएको र यसको तत्काल समाधानतर्फ पहल गर्ने आश्वासन दिए। उनले विद्यालय व्यवस्थापन समिति, अभिभावकहरूसँग छलफल गरेर समाधान गरिने बताए ।

# सोलार प्यानलबाट शिकारीबासमा विद्युत् सेवा सञ्चालन

प्रस, पोखरिया, २८ चैत/

ठोरी गाउँपालिकाको विकट ठाउँ शिकारीवासमा सोलार प्यानलबाट विद्युत् सेवा सञ्चालन भएको छ।





ऊर्जा मन्त्रालयको रु एक करोड ५९ लाख र गाउँपालिकाको रु १६ लाखको लागतमा सोलार प्यानल जडान भएको र विद्युत् प्रवाह गरिएको गापाध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।



उनले सोलार प्यानलबाट तत्काल १० युनिट प्रतिपरिवार निश्शुल्क विद्युत् सेवा उपलब्ध गराइएको बताए ।

सेवा निरन्तर सञ्चालनको लागि उपभोक्ता समिति बनाउने र १० युनिट बढी खपत हुनेसँग शुल्क लिने बताए ।

अहिले शिकारीवासमा सोलार प्यानलबाट विद्युत् सेवा सुचारु भएपछि स्थानीय खुशी भएका छन् ।

उनीहरूले भर्खरै गापाले सञ्चालनमा ल्याएको निश्शुल्क वाइफाई सेवाको उपभोग गर्न पनि पाएका छन् ।

मोबाइल चार्ज गर्न र घरमा पाँचवटासम्म बत्ती निश्शुल्क बाल्न पाएका उनीहरू खुशी भएका छन् ।

यसअघि पालिकाले निश्शुल्क वाइफाई सेवा सञ्चालन गरे पनि विद्युत् अभावमा उनीहरूले मोबाइल चार्जिङ गर्न समस्या भोग्दै आएका थिए। ठोरी गापा–३ मा पर्ने शिकारीवास जङ्गलबीचको बस्ती हो र यहाँ खानेपानी, शिक्षा, स्वास्थ्यलगायतका समस्या अहिले पनि विद्यमान छन् ।

यो बस्तीमा करीब ५० घरपरिवार छन् र गाउँपालिकाले पछिल्लो समयमा यो वडाको स्तरोन्नतिका लागि काम गर्दै आएको गापाध्यक्ष श्रेष्ठले बताए ।

# शिवशक्ति घ्यू उद्योग उत्कृष्ट करदाता

प्रस, वीरगंज, २८ चैत/

बारा जिल्लास्थित शिवशक्ति घ्यू उद्योग प्रालिका कार्यकारी निर्देशक सन्दीपकुमार अग्रवाल ठूला करदाताका रूपमा सम्मानित भएका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घको ५७औं वार्षिक साधारणसभामा मङ्गलवार निर्यात कारोबारमध्ये सबैभन्दा बढी आयकर तिर्ने करदाताको रूपमा अग्रवाल सम्मानित भएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री पुष्पकमल दाहालले कार्यकारी निर्देशक अग्रवाललाई सम्मानित गरेका थिए । शिवशक्ति घ्यू उद्योग प्रशोधित तेल उत्पादन र निर्यातमा संलग्न छ ।

## हार्दिक समवेदना

जन्म
२००९/१०/११



स्वर्गारोहण
२०७९/१२/१८

स्व उमाशङ्कर द्विवेदी

हाम्रा मार्गदर्शक आदरणीय **उमाशङ्कर द्विवेदी (दधीचि)**को असामयिक स्वर्गारोहण भएको १३औं दिनको पुण्यतिथिमा दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै शोकाकूल परिवारजनमा धैर्यधारण गर्ने शक्ति श्री गहवामाईले प्रदान गरून् भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**राजेशकुमार मिश्र/सुनीता मिश्र**
**पोखरिया नगरपालिका-९, बैरिया**

# सुस्त:मनस्थितिका बालबालिकालाई महानगरले सहयोग गर्छ –नगरप्रमुख सिंह

प्रस, वीरगंज, २८ चैत/

मस्तिष्कघात तथा सुस्त:मनस्थितिका





बालबालिकाको शिक्षा तथा उपचारमा वीरगंज महानगरपालिकाले सहयोग गर्ने नगरप्रमुख राजेशमान सिंहले बताएका छन् ।

आशा किरण केन्द्रद्वारा मङ्गलवार आयोजित कार्यक्रममा नगरप्रमुख सिंहले मस्तिष्कघात तथा सुस्त:मनस्थितिका बालबालिकालाई केन्द्रमा हेरचाह तथा शिक्षित बनाउने कार्य उच्च मानवीय कार्य भएको भन्दै प्रशंसा गरे । उनले घरपरिवारबाट समेत उचित हेरचाह हुन नसकेको अवस्थामा संस्थाले दिनभर हेरचाह गरी शिक्षित पार्ने कार्य वास्तवमा प्रशंसा लायक रहेको बताए ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, भारतीय महावाणिज्य दूतावास वीरगंजका महावाणिज्यदूत नितेश कुमार, महानगरका अवैतनिक दूत अशोक बैदले आशा किरणमा रहेका मस्तिष्कघात तथा सुस्त:मनस्थितिका बालबालिकालाई खेलकूद, शिक्षाका साथै नियमित व्यायाम गराएर मानवीय कार्य गरेको बताए ।

केन्द्रका अध्यक्ष सुनील गुप्ताको अध्यक्षतामा भएको कार्यक्रममा डा अशोक दासले स्वागत र महासचिव राजन श्रीवास्तवले सहजीकरण गरेका थिए । कार्यक्रममा बालबालिकाहरूले आफ्नो क्षमता प्रदर्शन गरेका थिए ।

वीरगंजको सिद्दार्थ माविमा आशा किरण केन्द्र सञ्चालनमा छ र अहिले ३१ जना मस्तिष्कघात तथा सुस्त:मनस्थितिका बालबालिका रहेको केन्द्रकी सहयोगी नूतन सरावगीले बताइन्।

### विचारसार र सूक्तिहरू

**भगवान्को वचन छ–कल्याण–पथिकको दुर्गति हुन्न । यस आस्थामा मलाई अटुट विश्वास छ । यस श्रद्धालाई गुमाउने छैन ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# आगलागीको जोखिम

**चैत्त महीनादेखि असारको पहिलो साता तथा मनसुन शुरू नभएसम्मको तीन महीना जोखिमका महीना हुन्। यस अवधिमा सुक्खा खडेरी, हावाहुरी, आगलागी तथा डढेलो र चटयाङको जोखिम छ । विशेष त यस अवधि सुक्खा रहने भएकोले आगलागीको उच्च जोखिम छ । कुनै वर्ष त फागुनदेखि नै आगलागीका घटना हुने गरेका छन् । त्यसैगरी, असार १५ सम्म पनि मनसुन शुरू नभएका उदाहरणहरू छन् । यस वर्ष फागुन महीनाको अन्तदेखि आगलागीका घटना शुरू भएको हो । केही दिन पहिले ठोरीमा आगलागी भयो । ज्येष्ठ नागरिक दम्पती मात्रै रहेको सो घरमा आगलागी हुँदा एक लाख रुपैयाँभन्दा बढी वृद्धभत्ताको रकमसमेत जलेर नष्ट भए । सोभन्दा पहिले पनि विभिन्न स्थानमा आगलागीका घटनाहरू भए । बितेको आइतवार एकै दिन रौतहटका विभिन्न स्थानमा आगलागी हुँदा एक दर्जनभन्दा बढी घरहरू जलेर नष्ट भएका र करोडौंको क्षति पुगेको छ ।**

**यस वर्ष अहिलेसम्म थोरै वर्षा भयो । अब सुक्खा खडेरी लाग्ने र आगलागी ह्वात्तै बढ्ने मौसमविज्ञहरूले बताएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यो समयमा सबैभन्दा बढी आगलागी हुन सक्छ । पछिल्लो पाँच वर्षको तथ्याङ्क हेर्ने हो भने आगलागीको दर बढ्दै गएको र त्यसले पुऱ्याउने क्षतिसमेत बढिरहेको देखिन्छ । यो बेला विशेष सावधानी अपनाउनुपर्छ, स्थानीय तहलगायत सरोकारवाला निकायले त्यसको न्यूनीकरणका लागि पूर्वतयारी तथा आगलागी भइहालेको खण्डमा नियन्त्रणका लागि आवश्यक तयारी सामग्री, उपकरण र जनशक्ति तयारी अवस्थामा हुनुपर्छ । गत वर्ष मुलुकमा चार हजार ४८ वटा विपद्जन्य घटना भएकामध्ये सबैभन्दा बढी दुई हजार ६१३ घटना आगलागीका छन् । उक्त आगलागीमा परेर १०२ जनाको मृत्यु भएको छ भने ३५२ जना घाइते भएको तथ्याङ्क छ । आगलागीबाट मानवीय क्षतिका साथै भौतिक क्षति पनि ठूलो मात्रामा भयो । घटनामा दुई अर्ब ३० करोडभन्दा बढीको क्षति भएको थियो । तीन हजारभन्दा बढी परिवार प्रभावित भए । यसैगरी, हुरीबतासका एक सय घटना हुँदा १० जनाको मृत्यु भएको छ भने डढेलोका १३४ घटनामा एकजनाले ज्यान गुमाएका छन् । चटयाङका २३६ घटनामा ८० जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । यी तथ्याङ्कले पनि आगलागीको दर अत्यधिक रहेको र बढी भौतिक क्षति आगलागीका कारण हुने गरेको कुरा स्पष्ट पारेको छ । विपद्जन्य घटनालाई केलाउँदा त्यसको ९० प्रतिशत भौतिक क्षति आगलागीका कारण भएको देखिन्छ ।**

**नेपालमा आगलागी नियन्त्रणमा खटिने मुख्य जनशक्ति सुरक्षाकर्मी मात्रै हो । सुरक्षाकर्मीबाहेकका तालीमप्राप्त दस्ता हामीसँग छैन । अधिकांश आगलागीका घटना मानवीय कारणले हुने गरेका छन् । ६४ प्रतिशत आगलागी मानिसले जानीजानी गरेका अध्ययनले देखाउँछ । ३२ प्रतिशत चुरोटको ठुटा र हेलचक्रयाइँको कारणले हुने गरेको छ । आगलागीले मानवीय र भौतिक सम्पत्तिका साथै जैविक विविधतामा ठूलो क्षति पुऱ्याउँछ । आगलागी नियन्त्रणका लागि सरकारबाट समेत चासोका साथ नीति तय गरेको पाइँदैन । हिजोका दिनमा लाइटर, सलाई, बत्ती, चुरोटबाट आगलागी हुन्थ्यो भने आज बिजुली, पेट्रोललगायतबाट आगलागीको घटना हुने गरेका छन् । यसर्थ आगो नियन्त्रणमा पनि फरक तरीकाले तयारी गर्न जरुरी छ ।**

# नयाँ अर्थमन्त्रीका चुनौती

स्वतन्त्र विचार



विनोद गुप्ता

नेपाल सरकारको आयको मुख्य स्रोत नै कर रहेको र यसमध्ये मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा आयातित वस्तुमा लगाइएको करको योगदान करीब ५० प्रतिशत रहेकोमा आयातमा लगाइएका प्रतिबन्धका कारण वैदेशिक मुद्राको सञ्चितिमा अपेक्षित सुधार आए पनि राजस्व सङ्कलनमा प्रतिकूल प्रभाव पर्न पुग्यो । चालू आवको ६ महीनामा कोरोनापछि झनै बढेको आयातको चाप क्रमशः सामान्य भइरहेको छ भने विदेशी मुद्राको सञ्चिति १०.८ महीनालाई पुग्ने भएको छ । पर्यटन व्यवसायमा राम्रो अवस्था देखिन थालेको छ। तर औद्योगिक क्षेत्रको प्रगति राम्रो छैन । रूस–युक्रेन युद्धले सिर्जना गरेको मूल्यवृद्धिका कारण र बढ्दो मुद्रास्फीतिले आन्तरिक बजारमा खपत हुने वस्तुको मूल्य बढेको छ भने माग घटेको छ। बैंकको बढ्दो ब्याजदरका कारण उद्यमीहरु उद्योग चलाउन नसक्ने अवस्थामा पुगेका छन्। त्यसैगरी निर्माण क्षेत्र नराम्ररी प्रभावित भएको छ। यसको प्रमुख कारण निर्माण सामग्रीहरुको मूल्य वृद्धि हुनु र यस क्षेत्रले बैंकबाट पाइरहेको ऋण सुविधा तरलता आभावका कारण बन्दप्रायः हुनु तथा चर्को ब्याजदर रहेको छ । निर्माण व्यवसायीहरुका अनुसार निर्माण व्यवसायीले सरकारबाट भुक्तानी पाउनुपर्ने करीब ६० अर्ब रुपियाँ भुक्तान हुन सकेको छैन । साथै सरकारले सम्झौताको शर्त अनुसार मुद्रास्फीतिको समस्या सम्बोधन गर्न नसकेर धेरै निर्माणका आयोजना बन्द हुन पुगेका छन् । यसो हुनुको मुख्य कारण सरकारसँग पैसा नहुनु नै हो । यसका कारण निर्माण क्षेत्रमा संलग्न १५ लाख नेपाली था ५ लाख भारतीय कामदारहरु बेहाल हुने अवस्थामा पुगेका छन् । अब आव समाप्त हुन ३ महीना मात्र बाँकी रहँदा पूँजीगत शीर्षकको बजेट २६ प्रतिशत मात्र खर्च हुन सकेको छ ।

माथि उल्लेख गरिएका कारणहरुको पृष्ठभूमिमा विचार गर्दा न्यून आर्थिक वृद्धिदर, बढ्दो व्यापार घाटा र पूँजीगत शीर्षकको खर्च क्षमता नबढ्नु आन्तरिक बाधाका रुपमा देखा पर्दछ भने बाहिरी बाधाको रुपमा आर्थिक मन्दी, बढ्दो ब्याजदर र चर्को मूल्यवृद्धि रहेको देखिन्छ ।

एशियाली विकास बैंकले एशियन डेभलपमेन्ट आउटलूक २०२३ जारी गरेको छ जसमा नेपालको आर्थिक वृद्धिदर ४.४ सम्म पुग्न सक्ने प्रक्षेपण गरिएको छ। यसै सन्दर्भमा विश्व बैंकले ग्लोबल इकोनोमिक प्रोस्पेक्ट २०२३ सार्वजनिक गरेको थियो जसमा २०२३–२४ मा नेपालको आर्थिक वृद्धिदर ४.९ रहने उल्लेख थियो। आफ्नो प्रतिवेदनमा एडिबीले विश्वव्यापी मन्दीको कारण नेपालको पर्यटन क्षेत्र र रेमिटचान्समा प्रतिकूल प्रभाव पर्न सक्ने सङ्केत गरेको छ । २०२२ मा ३ प्रतिशत अनुमान गरिएको कृषि क्षेत्र यस वर्ष २ प्रतिशत, सेवा क्षेत्र ५.९ बाट ४.४ प्रतिशत रहने अनुमान रहेको छ। यसका कारणहरुबारे उल्लेख गर्दै एडिबीले विश्वव्यापी मन्दीको असरबाहेक नेपालको आन्तरिक कारणहरुमा पूँजीगत खर्च बढ्न नसक्नुमा केन्द्रित लगानी योजना, वित्तीय व्यवस्थापनको कमी एवं आयोजना कार्यान्वयन पूर्वतयारीमा लाग्ने गरेको धेरै समयलाई आर्थिक वृद्धिदर घट्नुको मुख्य कारणको रुपमा देखाइएको छ ।

नयाँ अर्थमन्त्रीले यस समस्याको समाधान गर्ने वाचा गरेको पृष्ठभूमिमा यसको समाधानको लागि नेपाल सरकारले दाताहरुको बजेट सहायताको *डेभलपमेन्ट पोलिसी क्रेडिट* कार्यक्रम अन्तर्गत एशियाली विकास बैंकसँग अमेरिकी २०० मिलियन डलर सहयोग लिने भएको छ। एशियाली विकास बैंक पनि केही शर्तहरुका साथ यो सहयोगका लागि तयार भएको छ। एडिबीको पहिलो शर्त सरकारी संस्थानहरुको सुधार रहेको छ । आव २०२२–२३ मा २२ वटा संस्थानले नाफा कमाए भने १९ वटा घाटामा रहेको कारण सुधार कार्यक्रम अनिवार्य भएको बुझ्न सकिन्छ ।

एडिबीको यो शर्त सरकारी ठेक्कासँग सम्बन्धित छ जसबारे सार्वजनिक भएको तथ्याङ्क आश्चर्यजनक र कसरी राज्यको कविकास नियन्त्रित भइरहेको छ भन्ने कुरालाई बुझाउन यथेष्ट छ । पूर्व प्रधानमन्त्री केपीओली शर्माले सन् २०२० मा दिएको जानकारी अनुसार शहरी क्षेत्रको विकाससँग सम्बन्धित ठेक्काहरुको ४४.४ प्रतिशत १८ जना ठेकेदारको हातमा रहेको पाइन्छ भने ४७.६ प्रतिशत सडकसँग सम्बन्धित ठेक्कापट्टामा पनि १५ वटा ठेकेदार कम्पनीकै हालीमुहाली रहेको र यस्ता कम्पनीहरुले काम जिम्मा लिए पनि एकदुई आयोजनाभन्दा बढीको लागि उपकरण बन्दोबस्त गर्न नसक्ने भएकोले योजनाहरु ढिलो हुने पाइएको छ । तसर्थ एडिबीले अब सरकारलाई कुन ठेकेदारले कतिवटा ठेक्का कति समयमा पूरा गर्ने गरी पाएको भन्ने सम्बन्धमा अध्यावधिक सूचना विकास गर्नुपर्ने शर्त राखेको छ । तेस्रोमा Line Ministry Budget Information System (LMBIS) र SUTRA (Subnational Treasury Regulatory Application प्रणालीलाई Integrate वा थप समन्वय गर्ने शर्त राखेको छ ।

यसमा LMBIS सङ्घीय सरकारले प्रयोग गर्ने प्रणाली हो भने क्त्त्छ स्थानीय सरकारहरुले प्रयोग गर्ने अनलाइन लेखा प्रणाली हो। यसमा स्थानीय सरकारको आयव्ययको विवरणाहरु पारदर्शी नभएकोले विकास फन्टको रकम जुन अहिलेसम्म महानगर, उपमहानगरले मात्र प्रयोग गर्न पाउने व्यवस्था थियो, त्यसलाई अब गाउँपालिकासम्म पुऱ्याउन शहरी विकास कोष ऐन १९९७ लाई संशोधन गर्नुपर्ने रहेको छ। सरकारको यस कदमले तत्काललाई राहत दिए पनि जबसम्म अनुत्पादक प्राधिकरण, आयोग र समितिलगायत अन्य छिद्रहरु बन्द गर्न सरकारले आवश्यक कदम चाल्दैन, तबसम्म यस्तो कदमले यस वर्षलाई तात्कालिक राहत त देला तर हरेक वर्ष यसैगरी चालू खर्च पूरा गर्न ऋण कति वर्षसम्म माग्न सकिएला ? जोखिम व्यवस्थापनको दृष्टिकोणबाट यो कदमलाई तत्काल राहत दिन अन्यथा मान्न मिल्दैन । तर यसबाट रोगको दीर्घकालीन समाधान सम्भव छैन भन्ने कुरा अर्थमन्त्रीलाई पनि ज्ञान नै होला । त्यसैले बाह्य आर्थिक चुनौतीको रुपमा देखापरेको मन्दी, बढ्दो ब्याजदर र चर्को मूल्यवृद्धिको सामना गर्ने रणनीति पनि बनाउनेतर्फ लाग्नु उचित होला ।

**एशियाली विकास बैंकले एशियन डेभलपमेन्ट आउटलूक २०२३ जारी गरेको छ जसमा नेपालको आर्थिक वृद्धिदर ४.४ सम्म पुग्न सक्ने प्रक्षेपण गरिएको छ । यसै सन्दर्भमा विश्व बैंकले ग्लोबल इकोनोमिक प्रोस्पेक्ट २०२३ सार्वजनिक गरेको थियो जसमा २०२३–२४ मा नेपालको आर्थिक वृद्धिदर ४.९ रहने उल्लेख थियो ।**

# कानूनी प्रश्नमा अड्कियो मिटरब्याज पीडितसँगको वार्ता

काठमाडौं, २८ चैत/रासस

सरकारी वार्ता टोली र मिटरब्याज पीडितको दोस्रो समूहसँग भएको मङ्गलवार तेस्रो दिनको वार्ता कानूनी प्रश्नमा पुगेर अड्किएको छ ।

अदालती प्रक्रियामा रहेका सबै मुद्दा फिर्ता हुनुपर्ने र मिटरब्याजीका लिखत खारेजीलगायत माग कानूनी प्रश्न रहेकाले त्यही विषयमा वार्ता केन्द्रित भएपछि आज कुनै निष्कर्ष नआएको सरकारी वार्ता टोलीका संयोजक सहसचिव प्रदीपकुमार कोइरालाले जानकारी दिए।

अदालतले गरेका फैसला र अदालती प्रक्रियाका विषयमा आफूहरूले कुनै पनि निर्णय दिन नसक्ने जानकारी गराएको उनले बताए ।

पीडितहरूले भने सबै अदालती प्रक्रिया टुङ्ग्याएर मन्त्रिपरिषद्बाट लिखत नै खारेज गर्नुपर्नेलगायत माग राखी आफ्नो जग्गाको पुर्जा नै लिएर जाने अडान राखेका जनाइएको छ ।

नीतिगत कुरामा वार्ता टोलीले सिफारिश गर्न सक्ने र प्रशासनिक समस्या भए गृह मन्त्रालयबाटै सम्बोधन गर्ने कुरामा सहमति भएपनि कानूनी प्रश्नमा गएर वार्ता अड्किएको हो ।

यस विषयमा विकल्प के हुन सक्छ र कसरी अघि बढ्ने भन्ने विषयमा पीडितले छलफल गर्ने र सरकारी वार्ता टोलीले पनि आवश्यक छलफल गर्ने गरी आजको वार्ता स्थगित भएको र वार्तालाई निरन्तरता दिने सहमति भएको कोइरालाले जानकारी दिए ।

पीडितहरूले राखेका विभिन्न छ बुँदे मागमाथि वार्तामा छलफल जारी छ । उनीहरूले मिटरब्याजीका नाममा भएको सबै लिखत अवैध घोषणा गर्नुपर्ने, आफूहरूविरुद्धको मुद्दा स्थगित र फैसला भएको मुद्दाको पुनरावलोकन हुनुपर्ने, पक्राउ पुर्जी खारेज, कारागारमा रहेकाको रिहाइ, बैंकिङ कसूरका मुद्दा खारेज तथा मिटरब्याजीको सम्पत्ति छानबीनलगायत माग राखेका छन् ।

# जडीबुटीखेतीका लागि किसानलाई प्रशिक्षण

प्रस, पर्सागढी, २८ चैत/

वीरगंज महानगरपालिका कार्यालय, जनस्वास्थ्य प्रवर्द्धन शाखाको आयोजनामा जडीबुटीखेती गर्ने अगुवा कृषकहरूलाई एक दिने अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ।




वीरगंज महानगर–३१ स्थित शारदा आधारभूत विद्यालय भेडियाहीमा आयोजित अभिमुखीकरण कार्यक्रममा स्थानीयस्तरमा रहेका वस्तुहरूको पहिचान कसरी गर्ने, जडीबुटीको उपयोग तथा सोबाट आम्दानी कसरी लिने, लोप हुँदै गइरहेका जडीबुटीलाई कसरी अगाडि बढाउने, जडीबुटीको संरक्षणमा स्थानीय, किसान, अगुवा, सबै मिलेर संरक्षण र यसको बजारीकरणमा चासो देखाउनुपर्ने जस्ता विषयमा प्रशिक्षक श्यामबाबू साहले जानकारी गराएका थिए ।

कार्यक्रममा नगरपालिकाका आयुर्वेद संयोजक रूपनारायण झा, सहजकर्ता दीपनारायण चौरसिया, इन्दिरा लोहनी, खुश्बु श्रीवास्तव, वडासदस्य शेख अमरूल हसन, वीरेन्द्रराय थारू, फूलमती देवी नुनिया, मुरमती पासवानलगायतको सहभागिता थियो ।

# उपनिर्वाचनका लागि मतपत्र छपाइ सम्पन्न

काठमाडौं, २८ चैत/रासस

आगामी वैशाख १० गते आइतवार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि निर्वाचन आयोगले मतपत्र छपाइ कार्य सम्पन्न गरेको छ ।



तस्वीरः फाइल

मधेस प्रदेशको बारा क्षेत्र नं २, गण्डकी प्रदेशको तनहुँ क्षेत्र नं १ र वाग्मती प्रदेशको चितवन क्षेत्र नं २ मा हुने उपनिर्वाचनका लागि कुल तीन लाख ९० हजार थान मतपत्र भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ पूरा भएको हो। ती मतपत्र आवश्यक सुरक्षा प्रबन्धसहित बुधवारदेखि सम्बन्धित निर्वाचन क्षेत्रका लागि ढुवानी गरिने आयोगले जनाएको छ ।

बारा क्षेत्र नं २ मा एक लाख १६ हजार, चितवन क्षेत्र नं २ मा एक लाख ३८ हजार र तनहुँ क्षेत्र नं १ का लागि एक लाख ३६ हजार मतपत्र छपाइ गरिएको छ। ती क्षेत्रमा मनोनयपत्र दर्ता गर्ने उम्मेदवारका आधारमा निर्वाचन चिह्नसमेत समावेश गरी मतपत्र छपाइ भएको हो । उपनिर्वाचनका लागि कुल ६७ जना उम्मेवारले उम्मेदवारी दिएका छन्। आयोगको प्रणालीमा प्रविष्ट भएको विवरण अनुसार बारा क्षेत्र नं २ मा ३४, तनहुँ क्षेत्र नं १ मा नौ र चितवन क्षेत्र नं २ मा २४ जना उम्मेदवार छन्।

आयोगको अद्यावधिक विवरण अनुसार बारा–२ मा एक लाख पाँच हजार २४८, चितवन–२ मा एक लाख २४ हजार ६९५ र तनहुँ–१ मा एक लाख २३ हजार ३०५ मतदाता कायम भएका छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# मूल्यवृद्धिले वाञ्छित सीमा नाघ्यो, शोधनान्तर बचतमा

काठमाडौं, २८ चैत/रासस

चालू आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्ममा अर्थतन्त्रका केही सूचकहरू सुधारोन्मुख देखिएका छन् भने केही सूचक झन् खराब हुँदै गएका छन्।



पत्रकार सम्मेलनमा बोल्दै नेपाल राष्ट्र बैंकका गभर्नर अधिकारी। तस्वीरः रासस

नेपाल राष्ट्र बैंकले मङ्गलवार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार वार्षिक बिन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति सात दशमलव ४४ प्रतिशत पुगेको छ। जुन सरकारले राखेको वाञ्छित सीमाको लक्ष्यभन्दा बढी हो।

चालू आवमा मुद्रास्फीति सात प्रतिशतभन्दा न्यून बिन्दुमा राख्ने सरकारको लक्ष्य छ। राष्ट्र बैंकका अनुसार फागुन मसान्तसम्ममा विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा २५ दशमलव तीन प्रतिशत र अमेरिकी डलरमा १४ दशमलव आठ प्रतिशतले बढेको छ। यही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ४८ अर्ब ११ करोडले बचतमा रहेको छ। चालू आर्थिक वर्षको आठ महीनामा कुल विदेशी विनिमय सञ्चिति रु १४ खर्ब एक अर्ब २१ करोड बराबर रहेको छ।

अहिलेको विदेशी विनिमय सञ्चितिले नौ दशमलव चार महीनाको वस्तु तथा सेवा धान्न सक्ने राष्ट्र बैंकले जनाएको छ। आठ महीना अवधिमा सङ्घीय सरकारको खर्च रु सात खर्ब ७९ अर्ब २३ करोड र राजस्व परिचालन रु पाँच खर्ब ८२ अर्ब ७७ करोड बराबर रहेको छ। फागुन मसान्तसम्ममा विस्तृत मुद्राप्रदाय पाँच दशमलव तीन प्रतिशतले बढेको छ।

वार्षिक बिन्दुगत आधारमा यस्तो मुद्राप्रदाय नौ दशमलव एक प्रतिशतले बढेको हो। यो अवधिमा बैंक तथा वित्तीय संस्थाको निक्षेप सङ्कलन पाँच दशमलव पाँच प्रतिशतले बढेको र निजी क्षेत्रमा प्रवाहित कर्जा चार दशमलव छ प्रतिशतले बढेको राष्ट्र बैंकको तथ्याङ्कबाट देखिन्छ।

वार्षिक बिन्दुगत आधारमा निक्षेपको वृद्धिदर १० दशमलव पाँच प्रतिशत र निजी क्षेत्रमा प्रवाहित कर्जाको वृद्धिदर तीन दशमलव एक प्रतिशत बराबर हो। फागुन मसान्तसम्ममा आयात १९ दशमलव एक प्रतिशतले, निर्यात २९ दशमलव एक प्रतिशतले र कुल वस्तु व्यापार घाटा १७ दशमलव नौ प्रतिशतले घटेको छ।

### २९ दशमलव नौ प्रतिशतले घट्यो निर्यात

चालू आर्थिक वर्षको आठ महीनामा रु एक खर्ब चार अर्ब ८० करोड बराबरको स्वदेशी वस्तुको निर्यात भएको छ। जुन गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २९ दशमलव एक प्रतिशतले निर्यातमा कमी हो। अघिल्लो वर्ष निर्यात ८२ दशमलव नौ प्रतिशतले बढेको थियो।

नेपाल राष्ट्र बैंकका अनुसार समीक्षा अवधिमा भारततर्फ ३७ दशमलव पाँच प्रतिशत र चीनतर्फ चार दशमलव नौ प्रतिशतले निर्यातमा कमी आएको छ। अन्य मुलुकतर्फको निर्यात छ दशमलव शून्य प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा जिङ्क सिट, अलैंची, पार्टिकल बोर्ड, ऊनी गलैंचा, चियालगायतका वस्तुको निर्यात बढ्दा सोयाबिन तेल, पाम तेल, पिना, लत्ताकपडा, सुनचाँदीका सामान तथा गरगहनालगायतका वस्तुको निर्यात घटेको छ।

समीक्षा अवधिमा निर्यातसँगै विदेशी वस्तुको आयातमा समेत कमी आएको छ। गत आवको तुलनामा आयात १९ दशमलव एक प्रतिशतले घटेर रु १० खर्ब ५८ अर्ब ३९ करोडमा सीमित भएको छ।

यस अवधिमा भारतमा १७ दशमलव छ प्रतिशत र चीनमा २१ दशमलव सात प्रतिशतले आयातमा कमी आएको हो। यस्तै, अन्य मुलुकबाट हुने आयातमा समेत २१ दशमलव चार प्रतिशतले कमी आएको छ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ,

(बाँकी चौथो पातामा)

# रूपन्देहीमा कोरोना सङ्क्रमित बढे

भैरहवा, २८ चैत/रासस

रूपन्देहीमा केही समयसम्म मत्थर देखिएको कोभिड सङ्क्रमण फेरि बढ्दो अवस्थामा देखिएको छ। सडकमार्ग हुँदै नेपालमैं सबैभन्दा बढी पर्यटक भित्र्याउने नाकाका रूपमा रहेको रूपन्देहीको बेलहिया नाकामा कोभिड सङ्क्रमितको सङ्ख्या बढेको देखिएको छ।

बेलहिया नाका हुँदै नेपाल भित्रिने यात्रुहरूमध्ये भारतीय यात्रुहरूमा तुलनात्मकरूपमा सङ्क्रमण बढी देखिएको छ। नाकामा सङ्क्रमण देखिएकाहरू आफ्नै तरीकाले आफ्नो गन्तव्यतर्फ जाँदा यसले सङ्क्रमणको जोखिम झनै बढाएको छ। केही समय पहिला सङ्क्रमित देखिएका भारतीय नागरिकलाई भारत फिर्ता पठाउने गरिए पनि अहिले त्यो अवस्था छैन।

फागुनसम्म न्यून सङ्ख्यामा कोरोना सङ्क्रमित देखिए पनि चैतमा यो सङ्ख्या बढेको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा चैतमा सबैभन्दा धेरै १९ गते एकैपटक १७ जनामा कोरोना सङ्क्रमित पुष्टि भएको थियो। भारतबाट नेपाल आउने १५९ यात्रुमा कोरोना परीक्षण गर्दा एकजना नेपाली र १६ जना भारतीयमा सङ्क्रमण पाइएको बेलहिया हेल्थ डेस्कको तथ्याङ्कमा उल्लेख छ।

यस्तै, चैत २० गते ९२ जनामा परीक्षण गरिएकामा तीन भारतीय, चैत २३ मा १६० जनामा परीक्षण गर्दा दुई नेपाली र १० भारतीयसहित १२ जनामा कोभिडको सङ्क्रमण पाइएको थियो।

"चैतमा हालसम्म ६३ जनामा कोभिडको ओमिक्रोन सङ्क्रमण पाइएको छ," स्वास्थ्य कार्यालय, भैरहवाका वरिष्ठ जनस्वास्थ्य प्रशासक गौरव ढकालले भने, "यो साता मात्रै ४१ जना पुगेका छन्, फागुन महीनामा नयाँ सङ्क्रमितको सङ्ख्या २८ जना थियो।"

कोभिड सङ्क्रमण बढेसँगै केही समययता सुस्त रहेको स्थानीय प्रशासनले सीमामा सतर्कता बढाएको छ। सङ्क्रमण फेरि बढ्ने र महामारी देखा पर्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै रूपन्देहीमा सङ्क्रमण न्यूनीकरण गर्न तयारी शुरू गरिएको छ। जसमा अस्पतालमा जनशक्ति व्यवस्थापनदेखि भौतिक व्यवस्थापन, खोप एवं एन्टिजेन परीक्षणलाई तीव्रता दिइएको छ।

जिल्ला कोरोना सङ्क्रमण व्यवस्थापन समिति (डिसिसिसिएमसी) को बैठकले बेलहिया हेल्थ डेस्कको क्षमता वृद्धि गरी परीक्षणको दायरा बढाउने निर्णय गरेको छ।

रूपन्देहीका सहायक नाकाका रूपमा रहेको लुम्बिनीको ककरहवा नाका र रोहिणीको भगवानपुर नाकामा पनि हेल्थ डेस्क स्थापना गर्ने निर्णय गरिएको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताए। यससँगै भीडभाड हुने स्थानमा मास्क र सेनिटाइजरलगायतका स्वास्थ्य मापदण्ड पालन गराउन विभिन्न सचेतनामूलक कार्यक्रम पनि अगाडि बढाइने निर्णय भएको उनले बताए।

तत्कालका लागि सीमामा सङ्क्रमित देखिएकाहरूलाई सावधानी अपनाइँदै उनीहरू जान चाहेको गन्तव्यमैं जान दिएको पाण्डेको भनाइ छ। "जिल्लावासीका हकमा डिसिसिएमसीको व्यवस्थापनमा सम्बन्धित सङ्क्रमितलाई घरमैं छाड्ने गरेका छौं, जिल्लाबाहिरका नेपाली नागरिकको हकमा सम्बन्धित जिल्लाको सहजीकरणमा छोड्ने गरेका छौं," प्रजिअ पाण्डेले भने।

"भारतीय नागरिकको हकमा केही समय पहिले उहाँहरूलाई भारत नै फिर्ता पठाउने गरिए पनि अहिले मन्त्रालयको परिपत्र अनुसार सुरक्षा सावधानी अपनाउँदै गन्तव्यसम्म जाने अनुमति दिने गरेका छौं," उनले भने।

सङ्क्रमणको जोखिम कम गर्न कोभिडविरुद्धको खोपलाई पनि तीव्रता दिने स्वास्थ्य कार्यालयको तयारी रहेको छ। पहिलो र दोस्रो मात्राको खोपका लागि रूपन्देही जिल्ला नै पूर्ण खोप जिल्ला सुनिश्चित भइसकेको छ। यस्तै, बुस्टर डोजका रूपमा रूपन्देहीमा तेस्रो मात्राको खोप ६० प्रतिशतले र अहिले चौथो मात्राको खोप १० प्रतिशतले लगाएको स्वास्थ्य कार्यालय, भैरहवाका वरिष्ठ जनस्वास्थ्य प्रशासक गौरव ढकालले बताए।

अहिले पनि अग्रपङ्क्तिमा खटिएर काम गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, ज्येष्ठ नागरिकलगायतलाई प्राथमिकतामा राखी खोप लगाउने काम भइरहेको उनले बताए। अन्यको हकमा भने मन्त्रालयको समन्वयमा खोप मगाउने काम भइरहेको ढकालले बताए।

## कोरोना सङ्क्रमित एकजनाको मृत्यु

कोरोना भाइरस सङ्क्रमित एकजनाको मङ्गलवार मृत्यु भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्क अनुसार आज दुई हजार ४३६ जनामा गरिएको परीक्षणमा १०६ जनामा सङ्क्रमण देखिएको छ। यस्तै, आज ४८ जना उपचारपछि घर फर्किएका छन्।

मन्त्रालयले अझै केही दिनसम्म सङ्क्रमण बढ्ने देखिएको जनाएको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या ४६९ पुगेको छ। काठमाडौं उपत्यकामा २४ जना आइसोलेसन, १३ जना सघन उपचार कक्ष (आइसियू)मा र पाँचजना भेन्टिलेटरमा उपचाररत छन्।

नेपालमा छिमेकी देश भारतमा फैलिएको कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन एक्सबिबी.१.१६ देखा परेको छ।

# एमसिए–नेपालको प्रशारणलाइन निर्माणमा पालिकाको असहयोग

त्रिशूली, २८ चैत/रासस

मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) आयोजना अन्तर्गत निर्माण गर्न लागिएको प्रसारण लाइनको जग्गा मुआवजासम्बन्धी बैठकमा नुवाकोटका पाँच गाउँपालिकामध्ये चार गापाले बहिष्कार गरेका छन्।

एमसिसी अन्तर्गत रहेको मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसिए- नेपाल) विकास समितिको आग्रहमा नुवाकोटका प्रमुख जिल्ला अधिकारी किरण थापाले सोमवार बोलाएको बैठकमा प्रसारण लाइनबाट प्रभावित हुने पाँचमध्ये लिखु गाँउपालिका मात्रै सहभागी भएको हो।

काठमाडौंको लप्सेफेंदी हुँदै नुवाकोटको बेलकोटगढी नगरपालिका–७ रातमाटेसम्म प्रसारण लाइन ल्याएर यहाँबाट हेटौंडा र तनहुँ हुँदै बुटवलसम्म लैजान नुवाकोटमा आवश्यक जग्गाको मुआवजा प्रक्रिया अघि बढाउन आह्वान गरेको बैठकमा पालिकाका जनप्रतिनिधिले सहभागिता जनाउन अस्वीकार गरेका छन्।

आयोजना निर्माणका क्रममा प्रभावित हुनेमध्ये सबैभन्दा बढी प्रभावित हुने बेलकोटगढी नगरपालिकासहित शिवपुरी, पञ्चकन्या र तारकेश्वर गाउँपालिका मुआवजा निर्धारण बैठकमा सहभागी भएनन्। बैठकमा सहभागी हुन पत्र प्राप्त भएपनि अहिले प्रसारण लाइनका लागि जग्गा अधिग्रहणमा छलफल आवश्यक नभएकाले सहभागी नभएको बेलकोटगढी नगरपालिकाको नगरप्रमुख जगतबहादुर गुरुङले बताए।

उनको अनुसार आयोजना निर्माणबाट पुग्ने प्रभावको सम्बन्धमा स्थानीय पालिकाले राखेका मागको एमसिए–नेपालले चासो नदिएकाले बैठक बहिष्कार गरिएको हो।

आयोजनाको सबस्टेशन निर्माण र प्रसारण लाइन विस्तारले यहाँ प्रभावित बनाउने भन्दै त्यसको बदलामा उक्त परियोजनाको सडक निर्माणको कार्यक्रम नुवाकोटमा नै हुनुपर्नेलगायतका माग राख्दै आएका छन्।

सडक मर्मत आयोजना अन्तर्गत एमसिए–नेपालले दाङको धानखोलादेखि शिवखोलासम्मको ७७ किलोमिटर सडक व्यवस्थित गर्ने जनाएको छ। प्रसारण लाइन निर्माणका क्रममा नुवाकोटमा करीब ५३ किमी तार विस्तार गर्न यहाँका पाँचवटा पालिकाका १८ वटा वडा प्रभावित हुने प्रारम्भिक अध्ययनमा देखिएको एमसिए–नेपालका कार्यकारी निर्देशक खड्गबहादुर विष्टले जानकारी दिए।



तस्वीरः फाइल

उनका अनुसार नुवाकोटमा १४७ वटा खम्बा गाड्न आवश्यक जग्गा अधिग्रहण गर्न लागिएको छ। प्रसारण लाइनको दायाँबायाँ २३/२३ मिटरको क्षतिपूर्ति दिनका लागि मुआवजा निर्धारण गर्न पालिका र वडाका जनप्रतिनिधिको सहभागिता अनिवार्य छ।



**गहुँको भुस लैजाने तयारी** : शुक्लाफाटँ नगरपालिका-२ का किसान खेतमा गहुँ थ्रेसिङ गरी निस्केको भुस गोरु गाडामा राखेर घर तर्फ लैजाने तयारी गर्दै। गहुँको भुस भण्डारण गरी किसानले पछि पशु चौपायाँलाई घाँससँग मिसाएर खुवाउने गर्दछन्। तस्वीरः रासस

## नेप्से परिसूचक २७ अङ्कले बढ्यो

काठमाडौं, २८ चैत/रासस




आज पूँजीबजारमा दोहोरो अङ्कको सुधार देखिएको छ। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक मङ्गलवार २७ दशमलव ३१ अङ्कले बढेर एक हजार ८७१ दशमलव ३३ अङ्कमा कायम भएको हो।

आज २६२ वटा कम्पनीका ३३ लाख १५ हजार ७२० कित्ता शेयर ३५ हजार २३७ पटक खरीद–बिक्री हुँदा कारोबार रकम भने रु ९४ करोड ५२ लाख ४९ हजारमा खुम्चिएको छ।

आज सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै उत्पादन समूहको उपसूचक १३९ दशमलव ९१ र जीवन बीमा समूहको उपसूचक ८६ दशमलव १० अङ्कले बढेका छन्।

आज बैंकिङ समूह १६ दशमलव ७७, विकास बैंक समूह ७९ दशमलव १८, वित्त समूह ३७ दशमलव ४८, होटल तथा पर्यटन समूह ५३ दशमलव २२ र जलविद्युत् समूह ३७ दशमलव ९४ अङ्कले बढेका छन्।

त्यस्तै, लगानी समूह शून्य दशमलव ७६, लघुवित्त समूह ४९ दशमलव ७५, म्युचुअल फन्ड समूह शून्य दशमलव १६, निर्जीवन बीमा समूह ६२ दशमलव ९२, अन्य समूह १७ दशमलव ४६ र व्यापार समूह २१ दशमलव ९८ अङ्कले बढेका छन्।

पछिल्ला दिनहरूमा लगातार सकारात्मक सर्किट लाग्दै आएको कालिञ्चोक दर्शन लिमिटेडको शेयर मूल्यमा आज पनि सकारात्मक सर्किट लागेको छ। त्यस्तै, आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ६९ प्रतिशतले बढेको छ।

असानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेडको शेयर मूल्य तीन दशमलव ५४ प्रतिशतले घटेको छ।

आज कारोबार रकमका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रु सात करोड १० लाख ९३ हजार बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै प्रभु बैंक लिमिटेडको एक लाख ८७ हजार ५९४ कित्ता शेयर किनबेच भएको छ।

# सर्वाधिक कमाई गर्ने सात नेपाली चलचित्र

काठमाडौं, २८ चैत/रासस

चलचित्र विकास बोर्डले वर्ष २०७९ मा प्रदर्शनमा आएका नेपाली र विदेशी चलचित्रको तथ्याङ्क सार्वजनिक गरेको छ।

बोर्डका अनुसार २०७९ सालमा मा सक्छ। केहीले नियतवश पनि गरिरहेका हुन्छन्। तर बोर्डले यसमा अनुगमन बढाएको छ," अधिकृत पाण्डेले भने, "हामीसँग रहेको आधिकारिक तथ्याङ्क सार्वजनिक गरेका हौं।" बोर्डले सार्वजनिक गरेको विवरण अनुसार त्यसपछि 'वडा नम्बर ६' हुँदै 'छक्का पञ्जा' निर्माण गरेको समूह अहिले यसकै शृङ्खलालाई अगाडि बढाइरहेका छन्। गत फागुन १९ देखि प्रदर्शनरत चलचित्र 'छक्का पञ्जा ४'ले बोर्डको विवरण अनुसार छ लाख आठ हजार चार सय भएबापत सात करोड ३८ लाख ९० हजार ६७० रुपैयाँको ग्रस व्यापार गरेको छ। प्रदीप भट्टराईको लेखन तथा निर्देशनमा तयार भएको चलचित्रमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, गौरी मल्ल, राजाराम पौडेल, नरेश पौड्याल, अरुण क्षेत्री, अञ्जना बराइलीलगायतका कलाकारले अभिनय गरेका छन्।




नेपाली ५२ र विदेशी ८३ गरी १३५ वटा चलचित्र प्रदर्शन भएपनि १३२ वटा चलचित्रको कमाइ सार्वजनिक गरिएको हो। बोर्डको विवरण अनुसार चलचित्र 'कबड्डी–४ : दी फाइनल म्याच'को सात लाख ६६ हजार सात सय टिकट बिक्री भएबापत रु २१ करोड ३८ लाख १३ हजार ४६२ ग्रस व्यापार गरेको छ।

विदेशीतर्फ कन्नड चलचित्र 'केजिएफ च्याप्टर २'ले छ लाख ७७ हजार ६९९ टिकट बिक्री भएबापत रु १९ करोड २९ लाख १३ हजार ७५८ ग्रस कमाएको छ। नेपाली र विदेशीतर्फ सर्वाधिक कमाइ गर्ने यी दुई चलचित्र हुन्। बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा सामान्य फरक भने पर्न सक्ने बक्स अफिस अधिकृत प्रवीण पाण्डेले जानकारी दिए।

तथ्याङ्क अनुसार यस वर्षभरिमा प्रदर्शन भएका चलचित्र शिवानीको पाँचवटा टिकट मात्रै बिक्री भएका छन्। जसबाट चलचित्रले रु ५२० ग्रस कलेक्सन गरेको छ।

"सबै चलचित्र भवनमा बक्स अफिसको प्रविधि जडान भएपनि अनुगमनको अभावमा केही हेरफेर हुन सर्वाधिक व्यापार गर्ने सात नेपाली चलचित्र यस प्रकार छन्।

**कबड्डी ४ : दी फाइनल म्याच**

'कबड्डी'कै शृङ्खलाका रूपमा अगाडि बढिरहेको यो चलचित्रलाई रामबाबू गुरुङले निर्देशन गरेका हुन्। बोर्डको विवरण अनुसार चलचित्र 'कबड्डी ४ : दी फाइनल म्याच'को सात लाख ६६ हजार सात सय टिकट बिक्री भएबापत रु २१ करोड ३८ लाख १३ हजार ४६२ ग्रस व्यापार गर्न सफल भएको छ। बाँसुरी फिल्मस्‌को प्रस्तुतिमा तयार भएको चलचित्रमा सौगात मल्ल, मिरुना मगर, गौमाया गुरुङ, बुद्धि तामाङ, विजय बराल, कमलमणि नेपाल, पुष्कर गुरुङ, कविता आले, जयनन्द लामा, प्रकाश घिमिरे, माओत्से गुरुङ, शरद अधिकारीलगायतका कलाकारको अभिनय छ।

**छक्का पञ्जा ४**

हास्य कलाकारको समूहले टेलिशृङ्खलामा पाइरहेको लोकप्रियतालाई ठूलो पर्दामा ल्याउन अभिनेता दीपकराज गिरीले '६ एकान ६'मार्फत चलचित्र निर्माण शुरू गरे।

**दुई नम्बरी**

दीपेन्द्र लामाको निर्देशनमा तयार भएको 'दुई नम्बरी' सर्वाधिक व्यापार गर्ने चलचित्रको पाँचौं नम्बरमा छ। चलचित्रको एक लाख ४१ हजार ६३९ टिकट बिक्री भएबापत रु तीन करोड ८४ लाख ७३ हजार ५२० को ग्रस कलेक्सन भएको छ। मित्रताको कथामा आधारित चलचित्रमा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बुद्धि तामाङ, पुष्कर गुरुङलगायतले अभिनय गरेका छन्। भुटानी अभिनेत्री उगेन छोदेनले 'दुई नम्बरी'मार्फत नेपाली चलचित्रमा अभिनयको सुरुआत गरेकी थिइन्।

**फूलबारी**

रामबाबू गुरुङले निर्देशन गरेको चलचित्र 'फूलबारी' सर्वाधिक कमाइ गर्ने चलचित्रको सूचीमा छैटौं स्थानमा छ। अवकाशप्राप्त शिक्षकको जीवनी देखाइएको चलचित्रमा विपिन कार्की, अरुणा कार्की, प्रियङ्का कार्की, सोमनाथ खनाल, अनुपम शर्मा, मनीष ढकाल, गौमाया गुरुङ, साक्षी सिंह भण्डारीसहित विशेष भूमिकामा अभिनेता दयाहाङ राईले अभिनय गरेका छन्। चलचित्रले एक लाख २६ हजार १९० टिकट बिक्री भएबापत तीन करोड ५२ लाख ८९ हजार ४५९ रुपैयाँको ग्रस व्यापार गरेको छ। अभिभावकले सन्तानबाट राख्ने अपेक्षा र सन्तानले भुलेको संस्कारलाई कथा बनाइएको चलचित्रमा किशोर मालपानीको कथा र उपेन्द्र सुब्बाको पटकथा लेखन रहेको छ।

दुई टिकट बिक्री भएबापत रु १६ करोड ९४ लाख ३४ हजार ६३४ ग्रस व्यापार गरेको छ। प्रदर्शनरत भएकाले यसको व्यापार अझै बढ्ने देखिन्छ।

**प्रेम गीत ३**

'प्रेम गीत'को तेस्रो शृङ्खलाका रूपमा प्रदर्शन भएको 'प्रेम गीत ३' नेपालीसँगै हिन्दी भाषामा प्रदर्शन भएको थियो। सन्तोष सेन र छेतेन गुरुङले निर्देशन गरेको चलचित्रमा प्रदीप खड्का, क्रिस्टिना गुरुङ, मनीष राउत, सुनील थापा, शिव श्रेष्ठलगायतको अभिनय छ। प्रेम कथानक चलचित्रको पहिचान बनाएको शृङ्खलाबाटै अभिनेता खड्का अहिलेको उचाइमा पुगेका हुन्। चलचित्रले नेपाली भाषामा दुई लाख ६९ हजार ७०४४ टिकट बिक्री भएबापत रु सात करोड ७० लाख ३५ हजार ५५८ र हिन्दी भाषामा ८३ हजार १४४ टिकट बिक्री भएबापत दुई करोड २७ लाख २९ हजार ३६७ रुपैयाँको ग्रस व्यापार गरेको छ।

**महापुरुष**

सर्वाधिक कमाइ गर्ने चौथो चलचित्र 'महापुरुष' बनेको छ। चलचित्रले दुई लाख ४७ हजार ५१७ टिकट बिक्री

**झिङ्गेदाउ**

ज्ञानेन्द्र देउजाले निर्माण तथा निर्देशन गरेको चलचित्र 'झिङ्गेदाउ' सर्वाधिक कमाई गर्ने चलचित्रको सूचीको सातौं स्थानमा छ। बोर्डको विवरण अनुसार चलचित्र एक लाख २२ हजार २९० टिकट बिक्री भएबापत तीन करोड ४१ लाख १३ हजार २२३ रुपैयाँ ग्रस व्यापार गरेको छ। चलचित्रमा केकी अधिकारी, आँचल शर्मा, मुकुन भुसाल, कुशल विष्ट, हिउँवाला गौतमलगायतले अभिनय गरेका छन्।

## मूल्यवृद्धिले वाञ्छित ...

रासायनिक मल, स्पन्ज आइरन, सुन, अन्य स्टेशनरी सामानलगायतका वस्तुको आयात बढ्दा सवारीसाधन तथा स्पेयर पार्ट्स, औषधि, एमएस बिलेट, कच्चा भटमासको तेल, दूरसञ्चारका उपकरण तथा पार्ट्सलगायतका वस्तुको आयात घटेको हो।

निर्याततर्फ भैरहवा, जलेश्वर, कैलाली, कृष्णनगर, मेची, नेपालगंज, रसुवा र त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ भने आयाततर्फ सम्पूर्ण प्रमुख नाकाबाट कमी आएको उल्लेख छ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १७ दशमलव नौ प्रतिशतले कमी आई रु नौ खर्ब ५३ अर्ब ५९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ३४ दशमलव पाँच प्रतिशतले बढेको थियो।

समीक्षा अवधिमा निर्यात–आयात अनुपात नौ दशमलव नौ प्रतिशत पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ११ दशमलव तीन प्रतिशत थियो। समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु ८५ अर्ब १२ करोड बराबरको वस्तु आयात भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु एक खर्ब ४७ अर्ब तीन करोड बराबरको भएको थियो।



विश्वको कान्छो चुरे पर्वत श्रृङ्खला जोगाउन अवैज्ञानिक ढङ्गबाट जथाभावी नदीजन्य पदार्थको उत्खनन दोहन बन्द गर्नु पर्दछ। तस्वीरः जीतलाल श्रेष्ठ

## फरक समाचार

### यात्रामा ऊर्जावान् कसरी हुने

यात्रामा निस्किंदा थकाइ लाग्छ। तसर्थ यात्राको क्रममा आफूलाई तरोताजा र ऊर्जावान् राख्न केही घरेलु खाद्यान्न राख्न सकिन्छ।



**कागतीः** कागती सानो भए पनि यसले ठूलो काम गर्छ। जब तपाईं यात्रामा निस्कनुहुन्छ तब कागती अवश्य राख्नुहोस् किनभने यो भिटामिन सीले भरपूर भएको कारण हामीले धेरै ऊर्जा पाउँछौं। यात्राको क्रममा कागतीलाई सिन्काले प्वाल पार्नुस् र थकाई अनुभूति हुन थालेपछि यसको दुई–तीन थोपा चुस्नुस्।

**शख्खर र बदामः** शख्खर मुटु र मस्तिष्क दुवैको लागि फाइदाजनक हो र यसले शरीरलाई निकै ऊर्जा दिन्छ। यदि घुमफिरको लागि शहरभन्दा बाहिर कतै लामो यात्रामा निस्किनुभएको छ भने थोरै शख्खर र बदाम अवश्य राख्नुस्। थकाइ लाग्ने बित्तिकै खानुस्, यसबाट शरीर पहिलेभन्दा सक्रिय र ताजा हुन्छ।

**काँचो चामलः** काँचो चामल खानाले पेट दुख्छ भनिन्छ तर यस्तो होइन। शरीरमा फुर्तीको लागि हरेक दिन काँचो चामल खानुहुँदैन तर यो त्यतिबेला खानुपर्छ जब कुनै पहाड वा लामो यात्रामा निस्कनुभएको छ। काँचो चामल थोरै खानुस् यसले यात्रा सहज बनाउँछ।

### कपडाको उमेर कसरी बढाउने



सिन्थेटिक कपडालाई राम्रो डिटर्जेन्टले धुनुपर्छ र छायामा सुखाउनुपर्छ। यस्ता कपडालाई जोडले निचोर्नुहुँदैन। हलुका निचोरेर केही समय धारामैं भुन्डयाउनुपर्छ र सुखाउनुपर्छ। साडीलाई ४–६ तहमा बेरेर सुकाउनुपर्छ।

जरीको कपडा घरमा नभई ड्राइक्लिनमा धुनुपर्छ। यदि त्यसमा कुनै खानेकुरा खसेको छ भने रूमाल वा कपासलाई पेट्रोलमा चोपेर हलुका हातले सफा गर्नुपर्छ। यस्ता कपडालाई सेन्टको सुगन्धभन्दा टाढा राख्ने तथा दराजमा सुती मलमलको कपडामा बेरेर राख्नुपर्छ। सो स्थानमा नीमको सुक्खा पात राख्नुपर्छ।

सुतीको हलुका रङ्गको वस्त्रलाई मेशिनमा वा हातले अलग्गै भिजाएर धुनुपर्छ किनभने रङ्गदार कपडासँगै धुँदा सुतीमा रङ्ग सर्छ। सेतो वस्त्र अलग्गै धुनुपर्छ। कपडा बढी तातो पानी र शक्तिशाली डिटर्जेन्टमा धुनुहुँदैन। यदि रङ्गदार सुती वस्त्रबाट रङ्ग निस्किन्छ भने आधा घण्टा पहिले नुन पानीमा भिजाएर राख्नुपर्छ त्यसपछि साबुन वा डिटर्जेन्ट पानीमा भिजाउनुहुन्न। रङ्गीन कपडालाई छायामा सुकाउनुपर्छ।

उनी वस्त्रलाई कहिल्यै पनि रगडेर, ब्रस र कुटेर धुने वा निचोर्नुहुँदैन। यसबाट कपडा कमजोर हुने र रेशा निस्किन्छ। उनी वस्त्रको पानी निकाल्न तौलियामा बेरेर थिच्नुपर्छ। उनी वस्त्र प्रेस गर्दा उल्टाएर गर्नुपर्छ। यसलाई सम्हालेर राख्न नीमको पात, फिनाइलको चक्की, ल्वाङको थैली राख्नुपर्छ। स्वेटर, सल बेर्ने बेलामा त्यसमा पुराना अखबार लगाउनुपर्छ। यसबाट कपडामा कीरा लाग्दैन।

### बाजसँग सम्बन्धित रोचक कुरा

बाज करिब ७० वर्ष बाँच्छ, तर आफ्नो जीवनको चालीस वर्ष पुग्दा–नपुग्दै एउटा महत्त्वपूर्ण निर्णय लिन्छ। त्यस अवस्थामा उसको शरीरको तीन प्रमुख अङ्ग निष्प्रभावी हुन थाल्छ। पहिलो– पञ्जा लामो र लचिलो हुन्छ जसको कारण शिकारमा पकड बनाउन अक्षम हुन्छ। दोस्रो– चुच्चो अगाडितर्फ मोडिन्छ र भोजन निल्न व्यवधान उत्पन्न गर्छ र तेस्रो– पखेटा भारी हुन्छ र छातीमा टाँसिएको कारण पूरा खुल्न सक्दैन, उडान सीमित हुन्छ।



भोजन खोज्ने, समात्ने र खाने तीन प्रक्रियाले आफ्नो धार गुमाउन थाल्छ। बाजसँग तीन विकल्प रहन्छ– देह त्याग्ने, आफ्नो प्रवृत्ति छाडेर गिद्धसरह त्यक्त भोजनमा निर्वाह गर्ने वा फेरि स्वयंलाई पुनर्स्थापित गरी आकाशमा निर्द्वन्द्व एकाधिपत्य जमाउने। दुई विकल्प सरल र त्वरित छ भने तेस्रो विकल्प अत्यन्त पीडादायी र लामो हुन्छ।

बाजले पीडा रोज्छ र स्वयंलाई पुनर्स्थापित गर्छ। बाज कुनै अग्लो पहाडमा पुग्छ, एकान्तमा आफ्नो गुँड बनाउँछ अनि प्रारम्भ गर्छ आफ्नो पुनर्स्थापन क्रिया। सबैभन्दा पहिले उसले आफ्नो चुच्चोलाई चट्टानमा हिर्काएर भाँच्छ। पक्षीराजका लागि चुच्चो भाँच्नुभन्दा बढी पीडादायक अन्य केही होइन। त्यसपछि उसले चुच्चो पलाउने प्रतीक्षा गर्छ।

त्यसपछि उसले आफ्नो पञ्जालाई पनि त्यस प्रकार तोड्छ र प्रतीक्षा गर्छ त्यो फेरि पलाओस्। नयाँ चुच्चो र पञ्जा पलाएपछि उसले आफ्नो भारी पखेटाको प्वाँखलाई एक–एक गर्दै भुत्लाएर निकाल्छ र प्वाँख पलाउने प्रतीक्षा गर्छ। १५० दिनको पीडा र प्रतीक्षापछि उसले पुनः त्यही भव्य र उच्च उडान पाउँछ। यस पुनर्स्थापनापछि ऊ ३० वर्ष बाँच्छ ऊर्जा, सम्मान र गरिमाका साथ। हामी मनुष्यको जीवन पनि यस्तै हो। चालीस वर्षपछि हाम्रो व्यक्तित्व खुकुलो हुन्छ, अर्धजीवनमा जीवन समाप्तप्रायः लाग्छ। उत्साह, आकाङ्क्षा, ऊर्जा अधोगामी हुन पुग्छ। तर हामीसँग पनि कैयौं विकल्प छ। पहिलो विकल्प– आफ्नो जीवनको विवशताले भरिएको अति लचिलोपन त्यागेर नियन्त्रण देखाउनुपर्छ। दोस्रो– हामीले पनि आलस्य उत्पन्न गर्ने वक्र मानसिकता त्यागेर ऊर्जावान् सक्रियता देखाउनुपर्छ। तेस्रो– भूतकालमा जकडिएको अस्तित्वको भारीपनलाई त्यागेर कल्पनाको उन्मुक्त उडान गर्नुपर्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# जलवायु परियोजनामा सामेल हुने ४४ वटा देशको चाहना

वाशिङ्टन, २८ चैत/सिन्ह्वा

अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ)का प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभाले जलवायु परिवर्तनसम्बन्धी आइएमएफको ४० अर्ब अमेरिकी डलरको रिजिलेन्स एन्ड सस्टेनेबिलिटी ट्रस्ट (आरएसटी)का परियोजनामा सहभागी हुने चाहना विश्वका ४४ देशले गरेको बताएकी छन्।


आइएमएफका प्रबन्ध निर्देशक क्रिस्टालिना जर्जिएभा। तस्वीरः फाइल

एक वर्षअघि स्थापना भएको आरएसटीले कम आय भएका तथा कमजोर मध्यम आय भएका देशलाई आर्थिक सहयोग प्रदान गरी जलवायु परिवर्तनजस्ता प्रणालीगत जोखिम सामना गर्दै दिगो आर्थिक नीति प्रवर्द्धनको लक्ष्य लिएको छ। आरएसटीले मानव सिर्जित हरितगृह ग्याँस उत्सर्जनलाई शून्यमा झार्न निर्धन देशका निम्ति सहयोगको उक्त कोष स्थापना गरेको हो।

प्रबन्ध निर्देशक जर्जिएभाका अनुसार रुवान्डा, बार्बाडोस, कोस्टारिका, बङ्गलादेश र जमैकाले कोषबाट सहयोग प्राप्त गर्न सम्झौता गरेका छन्। उदीयमान बजार र अर्थतन्त्रमा निजी लगानीका अवरोध हटाउन मदत गर्ने उक्त कोष आफैंमा जलवायु सङ्कट समाधान नभए पनि त्यसले केही योगदान गर्ने उनले बताएकी छन्।

जलवायु परिवर्तनका कारण उत्पन्न हुने सङ्कट नियन्त्रण गर्न धेरै काम गर्न बाँकी रहेको बताउँदै प्रबन्ध निर्देशक जर्जिएभाले नीति, लगानी र वित्तीय सहायता अत्यावश्यक भएकामा जोड दिइन्। उनले जलवायु चुनौतीलाई अवसरमा परिणत गर्न बहुपक्षीय संस्था, राष्ट्रिय अधिकारी र निजी क्षेत्रबीच सहकार्य हुनुपर्ने बताइन्।

नवीकरणीय ऊर्जाको उपयोग बढाउने तथा जलवायु सङ्कटबारे सर्वसाधारणको चेतना अभिवृद्धि पनि उत्तिकै महत्त्वपूर्ण भएको उनले बताइन्। रासस

# खेलौना ठानेर बम खेलाउँदा ...

घाज्नी (अफगानिस्तान), २८ चैत/सिन्ह्वा

देशको पूर्वी प्रान्त घाज्नीको नाहुर जिल्लास्थित बोर्जगी गाउँका केही बालबालिकाले खेलौनाजस्तो एउटा यन्त्र भेटेर त्यसैसँग खेल्दा दुईजना बालबालिकाको मृत्यु भएको छ। हिजो सोमवार दिउँसो बालबालिकाको एउटा समूहले गाउँमा खेलौनाजस्तो एउटा यन्त्र फेला पारेका थिए। केटाकेटी त्यसैसँग खेलिरहँदा त्यो यन्त्र अचानक विष्फोट हुँदा ती बालबालिकाले ज्यान गुमाएका राज्य सञ्चालित बख्तर समाचार समितिले आज जनाएको छ। दुवै बालबालिकाको घटनास्थलमा नै ज्यान गएको सुरक्षाकर्मीलाई उद्धृत गर्दै उक्त समाचार समितिले जनाएको छ।

गत आइतवार घाज्नीको छिमेकी कान्दाहार प्रान्तमा यस्तै प्रकृतिको विष्फोट हुँदा एकजना बालकको मृत्यु भएको थियो भने अर्का एकजना घाइते भएका थिए। चार दशक लामो युद्ध र गृहयुद्धले तहसनहस भएको अफगानिस्तानमा विद्रोहीले बिछ्याएका बम विष्फोटमा परी प्रत्येक महीना दर्जनौं मानिसले ज्यान गुमाउँदै आएका छन्। बम विष्फोटका यस्ता घटनामा विशेषगरी बालबालिका पर्ने गरेका छन्। रासस

# एक सय युक्रेनी युद्धबन्दी रिहा

कीभ, २८ चैत/सिन्ह्वा

युक्रेन र रूसले युद्धबन्दी आदानप्रदान गरेका छन्। रूससँगको युद्धबन्दी आदानप्रदान सम्झौता अन्तर्गत सोमवार एक सय युक्रेनी बन्दी रिहा भएका हुन्। रूससँगको पछिल्लो युद्धबन्दी आदानप्रदानमा २० महिलासहित एक सय युक्रेनी बन्दी रिहा भएका युक्रेनी अधिकारीहरूले बताएका छन्।


तस्वीरः सिन्ह्वा

रूसबाट रिहा भएकाहरूमा युक्रेनी सेनाका जवान, राष्ट्रिय गार्ड र नौसेनाका जवान र सीमा सुरक्षा बलका सदस्य रहेका युक्रेनी राष्ट्रपतिको कार्यालयका प्रमुख एन्ड्री येर्माकले बताएका छन्। रिहा भएकामध्ये केही घाइते तथा केही गम्भीर बिरामी छन्। कैदी आदानप्रदान सम्झौता अन्तर्गत युक्रेनले रिहा गरेका रूसी सेनाको सङ्ख्याबारेमा उनले कुनै विवरण दिएका छैनन्।

यसैबीच, युद्धबन्दीको उपचारका निम्ति समन्वय गर्ने युक्रेनी कार्यालयले गम्भीर घाइते भएका पाँचजना रूसी सैनिकलाई रूससमक्ष हस्तान्तरण गरेको छ। कीभले उनीहरूलाई जेनेभा अभिसन्धि अनुसार रूसलाई हस्तान्तरण गरेको हो। मार्च २०२२ देखि रूससँगको बन्दी आदानप्रदान अन्तर्गत हालसम्म दुई हजारभन्दा बढी युक्रेनी मुक्त भएका छन्। रासस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | राज्यभय | वृष | रोगभय |
| मिथुन | व्यापारवृद्धि | कर्कट | कडापरिश्रम |
| सिंह | चोरभय | कन्या | भयचिन्ता |
| तुला | मित्रमिलन | वृश्चिक | कान्तिक्षय |
| धनु | सुयश | मकर | व्यर्थभ्रमण |
| कुम्भ | धनलाभ | मीन | कर्मप्राप्ति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया






# नागरिकता विधेयक अगाडि बढाउँछौं -गृहमन्त्री श्रेष्ठ

भैरहवा, २८ चैत/रासस

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले निष्क्रिय रहेको नागरिकतासम्बन्धी विधेयकलाई अगाडि बढाउने बताएका छन्।


तस्वीरः फाइल

प्रेस सेन्टर रुपन्देहीले मङ्गलवार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्री श्रेष्ठले संवैधानिकरूपमैं नागरिकताको अधिकार भएकाहरूलाई नागरिकताविहीन बनाएर राख्न नमिल्ने बताएका हुन्।

"मैले गृहमन्त्रीका रूपमा कार्यभार सम्हालेदेखि नै भनेको छु, यो देशको संविधान अनुसार नागरिकता पाउने नागरिकलाई नागरिकताविहीन बनाएर राख्न सकिन्न, नागरिकताविहीन भएको पीडा हामीले बोध गर्न सक्नुपर्छ," उनले भने, "संविधान अनुसार नागरिकता पाउने गरी बनाइएको विधेयक अगाडि बढाउँछौं।"

उनले नागरिकता सम्बन्धित केही विषयमा भने राष्ट्रिय सहमति आवश्यक रहेको बताए। त्यसबारेमा सबै राजनीतिक दल एवं राष्ट्रिय जीवनका महत्त्वपूर्ण व्यक्तित्वसँग छलफल गरिने उनको भनाइ छ।

उनले सङ्क्रमणकालीन न्यायसम्बन्धी काम अझै पनि बाँकी रहेकाले यसलाई पूरा गरिनुपर्ने बताए। यो पूरा भए मात्रै शान्तिप्रक्रिया समग्रमा पूरा हुने मन्त्री श्रेष्ठको भनाइ छ। "यसका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबीन आयोगको काम पूरा गर्नुपर्छ," श्रेष्ठले भने, "यसका लागि हामी फेरि पनि संसद्मा प्रवेश गरेका छौं, यो कामलाई पूर्णता दिन्छौं।"

उनले अर्थतन्त्रमा तत्काल देखा परेका समस्यालाई समाधान गरी अर्थतन्त्रलाई लयमा ल्याउन सके मात्र समृद्धि हासिल हुने भन्दै अर्थतन्त्रको समस्या पहिचान गर्न र यसको समाधानको उपायबारे विज्ञहरूसहित बैठक बस्ने तयारी भइरहेको जानकारी दिए। "अर्थतन्त्र सुधारमा प्रधामन्त्री आफैं अग्रसर हुनुहुन्छ, मन्त्रिपरिषद्ले मूलभूतरूपमा पूर्णता पाएको अवस्थामा अब हामी समृद्धिको लक्ष्य पूरा गर्न समर्पितरूपमा लाग्नेछौं," उनले भने।

उनले आफूले गृह मन्त्रालय सम्हालेदेखि नै सुशासनमा जोड दिएको भन्दै प्रशासनिक र सुरक्षा निकायमा कतै पनि राजनीतिक दबाब र अन्य दबाबले भूमिका खेल्न नपाओस् भनी आफू सतर्क रहेको बताए। "जनतालाई सहज ढङ्गले सेवा दिने र शान्ति सुरक्षा सुनिश्चित गर्दै शान्तिपूर्ण वातावरणमा जीवन गुजार्न पाउने अधिकारको सुनिश्चित गर्न चाहन्छौं," उनले भने, "यससँगै कालोबजारी, अपराध नियन्त्रण गर्ने काम गर्छौं।"

# बिसुनपुर्वा मानपुरका अग्निपीडितलाई राहत वितरण

प्रस, रौतहट, २८ चैत/

माधवनारायण नगरपालिका-४ बिसुनपुर्वा मानपुरका अग्निपीडित परिवारलाई राहत वितरण गरिएको छ।

बिसुनपुर्वा मानपुरका जिउत मुखिया बिनको घरबाट सल्किएको आगोबाट चैत २६ गते आइतवार २१ जनाको घर पूर्णरूपमा जलेर नष्ट भएको थियो।

आगलागीबाट झन्डै एक करोड मूल्यबराबरको क्षति भएको प्रहरीले जनाएको छ। अग्निपीडितलाई तत्कालै प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जिल्ला विपद् व्यवस्थापन समितिमार्फत त्रिपाल, चामल, दाल, भाँडाबर्तन, लत्ताकपडा, ओछ्यान, ब्लैंकेट, तेल, नूनसहितका राहत सामग्री वितरण गरिएको थियो। यसैगरी, नेपाल रेडक्रस सोसाइटी रौतहटका अध्यक्ष राजकिशोर यादवसहितको टोलीले त्रिपाल, कम्बल, साडी, धोती, कपडा सेट, डोरीका साथै खाद्यान्न सामग्री वितरण गरेको शाखाका मन्त्री धर्मेन्द्र सिंहले बताए। हिजो माधवनारायण नगरपालिकाका प्रमुख बैजनाथप्रसाद यादवले अग्निपीडित परिवारलाई राहत सामग्री वितरण गरेका थिए। नगरप्रमुख यादवले ग्याँस सिलिन्डर, चुलो, त्रिपाल, कम्बल, भाँडाबर्तन, साडी सेट, सर्ट पाइन्टको कपडा, धोती, कुर्ता, गम्छा, गन्जी, तन्ना, झुलसमेत खाद्यान्न सामग्री चामल, दाल, नून, तेल, आलु, प्याज वितरण गरेको माधवनारायण नगरपालिकाको कार्यालय माधोपुरले जानकारी गराएको छ।

# घरेलु मदिराभट्टी नष्ट

प्रस, पंचगावाँ, २८ चैत/

सखुवाप्रसौनी गाउँपालिका-१ मा अवैध घरेलु मदिराभट्टी प्रहरीले नष्ट गरेको छ।

इलाका प्रहरी कार्यालय, एकटाँगाका प्रहरी नायब निरीक्षक रवीन्द्र खड्का नेतृत्वको प्रहरी टोलीले मङ्गलवार तयारी मदिरा १५० लिटर, कच्चा मदिरा ३०० लिटर र घरेलु मदिरा बनाउन प्रयोग हुने भाँडाबर्तन नष्ट गरेको छ।


तस्वीरः प्रतीक

## वीरगंज महानगरपालिका कार्यालयको अपील

यस वीरगंज महानगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयलाई शैक्षिकसत्र २०८० बाट जुन शैक्षिक संस्थाबाट जति कक्षाको अनुमति प्राप्त गरेको हो सोही अनुसार मात्रै कक्षा सञ्चालन गर्न गराउनुहुन जानकारी गराइन्छ। अनुगमनको क्रममा वा कहींकतैबाट नियमविपरीत सञ्चालन भए गरेको जानकारी पाइएमा प्रदान गरिएको अनुमति रद्द गरी र अनुमति नपाएको संस्था भए अवैध सूचीमा राखी कारबाहीसमेत हुने बेहोरा जानकारी गराइन्छ। अभिभावकले पनि शैक्षिकसत्र २०८० मा विद्यार्थी भर्ना गर्दा उक्त संस्था अनुमतिप्राप्त रहे नरहेको साथै कुन कक्षासम्म अनुमति प्राप्त गरेको हो। अनुमतिपत्र हेरी यकीन गरी मात्र भर्ना गराउनुहुन अनुरोध छ।

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय

**पर्सागढी नपा-९, बडेर्वा, पर्सा**

यस श्री नेरामावि बडेर्वा, पर्सालाई पर्सागढी नगरपालिकाको च.नं. १६२६ मिति २०७९/११/२१ गतेको प्राप्त सहमति पत्र अनुसार यस विद्यालयको लागि सङ्घीय सरकारबाट हस्तान्तरित सशर्त अनुदानबाट तलब भत्ता खाने गरी शिक्षक पद पूर्ति गर्न यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०७९/१२/१६ गतेको निर्णयानुसार तपसिलमा उल्लेखित विज्ञापनमा योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त दिनको लागि यो विज्ञापन प्रकाशित गरिएको छ।

**तपसिल**

| विज्ञापन नं. | तह | पद | पद सं. | सेवा | विषय | दरबन्दीको किसिम | योग्यता |
|---|---|---|---|---|---|---|---|
| ०१/०७९/०८० | आधारभूत | शिक्षक | १ | करार | विज्ञान | सङ्घीय अनुदान | १०+२ वा सो सरह उत्तीर्ण |

१) **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरू :**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
(ग) स्थायी अध्यापन अनुमति प्रमाण पत्रको प्रतिलिपि।
२) उमेरः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
३) नियुक्तिको किसिम : करार
४) तलब स्केल : २५,५००/-
५) करार अवधि : १ वर्ष
६) नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।
७) भविष्यमा सरकारी नौकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको।
८) रित पूर्वक निवेदन नभए उक्त निवेदन रद्द हुने र रद्द भएको निवेदनको दस्तुर फिर्ता नहुने।
९) परिक्षाको किसिम : लिखित र मौखिक।
१०) परिक्षा दस्तुर : नेपाली रु ५००/- (अक्षरेपी पाँच सय रुपियाँ) मात्र।
११) दरखास्त दिने अन्तिम मिति : २०८०/०१/११ गते दिउँसो ४:०० बजे भित्र।
१२) सम्पर्क मिति : २०८०/०१/१२ गते।
१३) लिखित परिक्षा : २०८०/०१/१३ गते बिहान ११:०० बजे।
१४) परिक्षा केन्द्र : श्री नेरामावि बडेर्वा, पर्सा

**नोट** : परिक्षा दस्तुरको रकम यस विद्यालयको **सानिमा बैंक लि., पर्सागढी शाखामा रहेको खाता नं. ०६३०१००१००००१६८** मा जम्मा गरेको सक्कल भौचर दरखास्त साथ संलग्न गर्नु पर्नेछ वा नगदै विद्यालयमा जम्मा गरेको रसिद संलग्न गर्नु पर्नेछ।

# मालपोत पर्साका दुईजना हाकिम, एकजना नासु र लेखापालविरुद्ध विशेषमा मुद्दा दायर

प्रस, वीरगंज, २८ चैत/

भूमिसुधार तथा मालपोत कार्यालय पर्साका तत्कालीन दुईजना प्रमुख, एकजना नासु र एकजना लेखापाल गरी चारजनाविरुद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मङ्गलवार भ्रष्टाचारको कसूरमा विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता भोला दाहालले आज विज्ञप्ति जारी गर्दै आव २०७२/७३ मा रजिस्ट्रेसन दस्तुर र लाभकरबापतको रकम नियमपूर्वक दाखिला नगरी हिनामिना भएको उजूरी सम्बन्धमा छानबीन गर्दा तत्कालीन मालपोत प्रमुख प्रकाशप्रसाद पोखरेल, गमबहादुर विश्वकर्मा, नासु मदन गुप्ता र लेखापाल नागेन्द्रप्रसाद चौधरीविरुद्ध विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गराएको बताए।

तत्कालीन प्रमुख पोखरेलको पालामा आव २०७२/७३ मा रजिस्ट्रेसन र लाभकरबापतको रु ९३ लाख ६६ हजार २०९ राजस्व हिनामिना भएको र सोही आवमा अर्का मालपोत प्रमुख गमबहादुर विश्वकर्माको पालामा दैनिक लिखत र रजिस्ट्रेसन पारितबाट सङ्कलित रु एक लाख ४१ हजार ८२५ राजस्व दाखिला नगरी हिनामिना गरेको अख्तियारले आरोप लगाएको छ। अख्तियारले तत्कालीन प्रमुख पोखरेलसँग रु ९३ लाख ६६ हजार २०९ बराबरको दोब्बरी बिगो र कैद जरिवाना माग गर्दै मुद्दा दायर गरेको प्रवक्ता दाहालले बताए।

यसैगरी, तत्कालीन प्रमुख विश्वकर्माविरुद्ध रु एक लाख ४१ हजार ८२५ बराबरको दोब्बरी जरिवाना र कैद सजाय माग गरिएको उनले बताए।

यसै मुद्दामा नासु गुप्ता र लेखापाल चौधरीसँग भ्रष्टाचार निवारण ऐन अनुसार रु ९५ लाख आठ हजार ३४ राजस्व हिनामिनाको रकमभन्दा दोब्बरी जरिवाना र कैद सजाय मागदाबी गरिएको प्रवक्ता दाहालले बताए। आज अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेकामध्ये प्रमुखद्वय पोखरेल र विश्वकर्मा यसअघि नै अर्को मुद्दामा अख्तियारद्वारा मुद्दा दायर भएपछि निलम्बनमा परेका थिए।

यसैगरी, नायब सुब्बा गुप्ता पनि अख्तियारको कारबाहीमा यसअघिदेखि निलम्बनमा छन् भने लेखापाल मालपोतबाट सरुवा भएर पर्सा जिल्ला अदालतमा छन्। आज मुद्दा दायर भएपछि उनी पनि स्वतः निलम्बनमा परेका छन्।

# सखुवाप्रसौनीमा वारुणयन्त्रको विषयलाई लिएर विवाद

प्रस, वीरगंज, २८ चैत/

सखुवाप्रसौनी गाउँपालिका–६ लखनपुरटोलमा चैत २५ शनिवार दिउँसो गहुँबालीमा आगलागी भएको घटनामा गापाकै वारुणयन्त्र डेढ घण्टा ढिलो पुगेको भनी अहिले आलोचना शुरू भएको छ।

आगलागीको सो घटनामा पोखरिया नपाको वारुणयन्त्र आएर आगो नियन्त्रण गरेको तर गापाकै वारुणयन्त्र भने डेढ घण्टा ढिलो आएको श्रव्यदृश्य एकजना युवकले सार्वजनिक गरेपछि सखुवाप्रसौनीका जनप्रतिनिधिहरूको आलोचना बढेको हो। मधेस सरकारले यसअघि गापालाई वारुणयन्त्र दिएको थियो र गापाले सञ्चालन गर्दै आएको थियो। घटनाको दिन ढिलो पुगेको वारुणयन्त्रमा पानीसमेत थिएन। वडाध्यक्ष मुना कम्करले ढिलो गरी आएको वारुणयन्त्रमा पानी नभएको बताए। उनले वारुणयन्त्रमा कार्यरत दक्ष कर्मचारीलाई हटाएर गापाध्यक्ष जसवन्त यादवले आफ्ना मानिस नियुक्त गरेका कारण यस प्रकारको घटना भएको दाबी गरे। उनले सबै थोकमा राजनीति हाबी हुँदै गएको आरोप लगाए। वारुणयन्त्र पनि राजनीतिको शिकार भएको कारण सेवा प्रभावकारी नभएको भन्दै उनले गापाध्यक्ष यादवको आलोचना गरे।

घटनाबारे गापाध्यक्ष यादवले वारुणयन्त्र चालककी पत्नी बिरामी भएर उपचारको लागि गएकाले ढिला भएको बताए। उनले आफूले नै पोखरियाको वारुणयन्त्र मगाएर आगो नियन्त्रणमा लिने कार्य गरेको दाबी गरे। उनले त्रुटि भएको स्वीकारे र त्रुटि नदोहरिने प्रतिबद्धता पनि जाहेर गरे।

# एसएसबीद्वारा स्कूले बालकको उद्धार

नितेश कर्ण, वीरगंज, २८ चैत/

छिमेकी भारत रक्सौल टुमरियाटोलास्थित फेथ मिसन एकेडेमी



तस्वीरः प्रतीक

स्कूलमा अध्ययनरत चार वर्षीय बालकलाई हिजो एसएसबीले उद्धार गरी अभिभावकको जिम्मा लगाएको छ।

विद्यालय प्रशासनको लापरवाहीका कारण बाहिरिएका सो बालक डेढ किलो मिटर टाढा रक्सौल बजार पुगेका थिए। बजारमा रहेको एसएसबी पोस्टका जवानहरूले विद्यालयका बालक एक्लै भौंतारिएको देखेर बालकलाई आफूसँग राखेर सोधपूछ गरेका थिए। विद्यालयबाट बालक हराएको कुरा बाहिरिएसँगै विद्यालय र परिवारजन खोजी कार्यमा लागेका थिए। रक्सौलको एसएसबी पोस्टमा विद्यालयका बालक रहेको र निजका अभिभावकको खोजी भइरहेको कुरा स्थानीयले विद्यालयमा सूचित गरेपछि विद्यालय र परिवारजनका सदस्य एसएसबी पोस्टमा पुगेर बालकलाई बुझेका थिए। विद्यालयमा अध्ययनरत बालक बाहिरिंदा पनि विद्यालयले ध्यान नदिएको भनी आलोचना भइरहेको छ भने एसएसबीले बालकको उद्धार गरेकोमा प्रशंसा पनि गरिएको छ।

# निर्णय सच्याउन केन्द्रलाई दबाब

प्रस, वीरगंज, २८ चैत/



तस्वीरः प्रतीक

प्रेस चौतारी नेपाल पर्साको बैठक मङ्गलवार सम्पन्न भएको छ।

शाखा अध्यक्ष श्याम बन्जाराको अध्यक्षतामा बसेको बैठकले चौतारीका पर्सा इन्चार्ज शत्रुघ्न नेपाललाई केन्द्रले इन्चार्जबाट हटाएको सन्दर्भमा एक महीनाभित्र पुनर्स्थापित गर्न माग गरेको छ।

बैठकले नेपाललाई इन्चार्जबाट हटाएकोमा गम्भीर आपत्ति प्रकट गर्दै एक महीनाभित्र पुनर्स्थापित नगरे आन्दोलनको चेतावनी दिएको छ।


बैठकले उपाध्यक्ष तुलसी भण्डारी, सचिव राजेन्द्रसिंह नेपालीलाई ११६ जना सदस्यहरूको अभिलेख, परिचयपत्र र नयाँ सदस्यता दिने प्रक्रिया अगाडि बढाउने जिम्मेवारी दिएको छ।

## शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं

- खुला स्थानमा दिसापिसाब नगरौं।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
- हत्केलापछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

**जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
विज्ञापन बोर्ड




# खेलकूदको संसार

## जिपी कोइराला हक्की प्रतियोगिताको उपाधि आर्मीलाई

सुन्दरहरैचा, २८ चैत/रासस

गिरिजाप्रसाद कोइराला स्मृति चौथो राष्ट्रिय पुरुष हक्की प्रतियोगिताको उपाधि विभागीय टोली त्रिभुवन आर्मी क्लबले जितेको छ। आर्मीले अर्को विभागीय टोली पुलिस क्लबलाई पराजित गरेको हो।

नेपाल हक्की सङ्घद्वारा आयोजित उक्त प्रतियोगिताको गएराति विराटनगरको शहीद रङ्गशालामा भएको फाइनल खेलमा नेपाल पुलिस क्लबलाई १–० गोलअन्तरले हराएको हो।

यसअघि आर्मीले प्रतियोगिताको उद्घाटन खेलमा पनि पुलिसलाई पराजित गरेको थियो। आर्मी क्लब प्रतियोगिताको साबिकको विजेता हो।

खेलको ४१औं मिनेटमा आर्मीका लागि काशीराज राईले गरेको गोल नै निर्णायक बन्यो। 'म्यान अफ दी म्याच' आर्मीकै नितिज न्यौपाने घोषित भए। प्रतियोगिताको उत्कृष्ट गोलरक्षक पुलिसका हरिदत्त पाण्डे, उदीयमान खेलाडी सुदूरपश्चिम प्रदेशका महेश नेपाली, सर्वाधिक गोलकर्ता आर्मीका रोमन राना, उत्कृष्ट डिफेन्डर पुलिसका योगेश बारघरे र सर्वोत्कृष्ट खेलाडी आर्मीका नितिश न्यौपाने घोषित भए।

पुरस्कार वितरण समारोहका प्रमुख अतिथि कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विराटनगरमा दक्षिण एशियाली महिला हक्की प्रतियोगिता आयोजना गर्न आवश्यक सहयोग गर्ने बताए। उनले हक्कीका लागि आवश्यक पर्ने जग्गा जोहो गरेर प्रदेश सरकारले अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण गरी यस खेलमा युवापुस्तालाई आकर्षण बढाउन जरुरी रहेको उल्लेख गरे।

प्रदेशका सामाजिक विकास मन्त्री बुद्धिकुमार राजभण्डारी, हक्की सङ्घका वरिष्ठ उपाध्यक्ष अनिलप्रसाद शर्मा, नेपाली काङ्ग्रेसकी केन्द्रीय सदस्यमा डा डिला सङ्ग्रौला, प्रतियोगिताका संयोजक रञ्जन थापा, नेपाल हक्की सङ्घ, मोरङका अध्यक्ष राजेश गुप्ता, विराट गोल्डकप ट्रस्टका अध्यक्ष सन्तोष बानियाँलगायतले खेलाडीलाई पुरस्कार प्रदान गरेका थिए।

प्रतियोगिताको उपाधि विजेता आर्मीले रु ७५ हजार र उपविजेता नेपाल पुलिस क्लबले रु ४१ हजारका साथै ट्रफी प्राप्त गरेको छ। त्यस्तै, मधेस प्रदेशलाई पराजित गर्दै तेस्रो स्थान बनाएको सुदूरपश्चिम प्रदेशले रु २५ हजार प्राप्त गरेको छ।

यही चैत २२ गतेदेखि भएको सो प्रतियोगितामा आर्मी, पुलिस, कोशी प्रदेश, मधेस प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता थियो।

# सामुदायिक विद्यालयको परीक्षाफल उदाहरणीय

प्रस, पंचगावाँ, २८ चैत/

पटेर्वासुगौली गाउँपालिका–३ स्थित



तस्वीरः प्रतीक

गादीमाई आधारभूत विद्यालय पश्चिम देकुलीको आधारभूत प्राथमिक तहको परीक्षाफल प्रकाशित भएको छ। कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको वार्षिक परीक्षाफल प्रकाशित गरिएको विद्यालय प्रशासनले जनाएको छ।

वार्षिक परीक्षामा उत्तीर्ण हुने विद्यार्थीलाई बधाई दिनुका साथै प्रथम, द्वितीय र तृतीय भएका विद्यार्थीहरूलाई अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, स्थानीय जनप्रतिनिधि तथा गापा प्रतिनिधिको सहभागितामा पुरस्कृत गरिएको थियो।

वडाध्यक्ष माधवप्रसाद थारूले वडा नं ३ र ४ का सामुदायिक विद्यालयहरूको अनुगमन गरिएको र उनीहरूको वार्षिक परीक्षाफल उदाहरणीय रहेको बताए। उनले सामुदायिक विद्यालयहरूलाई सुविधा उपलब्ध गराइएको र आफ्नो वडाका विद्यालयलाई नमूना बनाउने बताए। उनले सामुदायिक विद्यालयहरू राम्ररी सञ्चालन हुँदै आएका र थप राम्रो कसरी बनाउने भन्नेबारेमा अभिभावक, शिक्षकहरूसँग राय परामर्श गर्ने बताए।

कार्यक्रममा पटेर्वासुगौली गापाका जिन्सी शाखा प्रमुख रामबाबू राय, वडा सदस्य हैदर अलि अन्सारी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नीलम देवी, प्रधानाध्यापक प्रमोदकुमार यादव, शिक्षक चन्द्रकली देवी, कञ्चनकुमारी चौधरी, पुष्पाञ्जलि कुमारी, उमाकान्त दासलगायतको सहभागिता थियो।

# नपाको आयोजनामा सरसफाइ




तस्वीरः प्रतीक

प्रस, पोखरिया, २८ चैत/

पोखरिया नगरपालिकाको आयोजनामा मङ्गलवार सरसफाइ भएको छ। पोखरिया नपा–४ स्थित अस्पतालबाट फोहर सङ्कलन गर्दै शुरू भएको सरसफाइ अभियान बजार क्षेत्रसम्म पुगेको थियो।

नगरप्रमुख प्रद्युम्न चौहानले जनजागरणको लागि सफाइ अभियान नगरपालिकाले चलाएको र सरसफाइसँगै अव्यवस्थित बजारलाई व्यवस्थित गर्न आग्रह गरे। उनले बजार क्षेत्रमा जथाभावी ठेला, गाडी राखिएको, अतिक्रमण गरेर बजार क्षेत्र कुरूप पारिएको भन्दै व्यवसायीहरूलाई व्यवस्थित गर्न आग्रह गरे। कार्यक्रममा प्रदेशसभा सदस्य प्रमोद जयसवाल, उपप्रमुख रूबी ठाकुर, वडाध्यक्ष लक्ष्मणसाह कानू, प्रहरी निरीक्षक मोहन विक्रम शाह, रेडक्रस उपशाखाका सभापति भगवान कुर्मी, एमाले नगर अध्यक्ष विन्ध्याचल ठाकुर, युवा समाजका सुजित गिरीलगायतको सहभागिता थियो।